# अध्याय एक : परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

मानव उद्विकासको प्रारम्भ देखि नै संसारमा महिला र पुरुषको उपस्थिति रहेको छ । मानव इतिहासको लामो कालखण्ड सम्म समतामुलक सामाजिक संरचना चलेको पाइन्छ । लामो समय सिकारी र घुमन्ते युगमा समय खर्च गरेको मानव समाजले जब व्यक्तिगत सम्पति र स्वामित्वको अभ्यास गर्दै आयो अनि समाजको पारिवारिक ढाँचामा पनि परिवर्तन आउन थाल्यो । उत्पादन व्यवस्थामा परिवर्तन आईसकेपछि प्रतिस्पर्धा, दमन, शोषण र भेदभाव जस्ता कुराहरु सँगसँगै विकास भए । समाजमा स्तरीकरणको रेखा कोरिन गयो । घुमन्ते तथा सिकारी युगमा बढि लडाकुपन देखाउने पुरुषहरुले आ-आफ्नो झुण्डलाई नियन्त्रणमा राख्ने गरेको मानसिकताले परिवारमा पुरुषको प्रभुत्व वढ्न गएको हो । त्यसको परिणाम स्वरुप पुरुष र महिला बीच सामाजिक असमानताको सुरुवात भयो । अनि महिलाहरु पुरुषकै आड र भरोसामा बस्छन् भन्ने संस्कार र संस्कृतिहरु निर्माण हुँदै आएको पाइन्छ ।

मानिस एक सामाजिक प्राणी भएको नाताले उसले आफ्नो अस्तित्व समाज भित्र मात्रै कायम गर्न सक्दछ । मानव इतिहासको क्रमलाई हेर्दा समाजमा पुरुष र नारीको अस्तित्व, समान सहभागीता र योगदान रही आएको छ । यस शास्वत नियमलाई विश्वका हरेक वैज्ञानिकका साथै नीति र धर्मशास्त्रले समेत स्वीकार गर्दै आएका छन् । नेपाली समाज भनेको हिन्दु समाज हो भने हिन्दु धर्मशास्त्रले त नारी वा पुरुष कुनै एक भनेको केवल आधा शरीर मात्र हो तबमात्र मानिस पूर्ण बन्दछ जब स्त्री र पुरुष दुवैको समायोजन हुन्छ भन्ने मान्यता राख्दछ (पौडेल, २०५८) ।

हिन्दु धारणा अनुसार महिलालाई देविको रूपमा पुजीने चलन देखिन्छ परापूर्वकालमा नारीको स्थान ज्यादै महत्वपूर्ण र मर्यादित थियो । 'नारी' या महिला शब्दले घरको परिचय गराउँथ्यो । तापनि उनीहरूले समेत आफ्नो जिम्मेवारीको हिस्सा ठान्दथे । पत्नीलाई पतिको आधा अंग मानिन्थ्यो भने अर्थात् पुरुषलाई पनि पत्नी बिनापूर्ण मानिदैनथ्यो । पत्नीको अनुपस्थितिमा पतिबाट गरिएको धार्मिक कार्य समेत निष्फल हुन्छ भन्ने अवधारणा समेत रहेको कुरा राजा रामले अश्वमेध यज्ञ गर्न लाग्दा सुनको सीता बनाई आफूसँगै राखी यज्ञ गरेको बाट पुष्टी हुन्छ । यसरी प्राचीनकाल देखि नै मर्यादित र सम्माननिय स्थान ओगड्दै आएको महिलाहरूको स्थितिमा बिस्तारै बिस्तारै कुठाराघात हुँदै जान थाल्यो

र महिलाहरूले घर बाहिर जानु हुदैन भन्ने जस्ता कुबिचारहरूको जन्म हुन पुग्यो । फलस्वरूप पुरुषहरूको अहम् भावनाले महिलाहरूलाई घरको चार दिवार भित्र गुम्सन बाध्य बनायो साथै पुरुष प्रधान समाजको निर्माण हुन पुग्यो तर पनि परिवार र समाजमा महिलाको योगदान ज्यादै बढि देखिन्छ । घरायसी र अन्य काम गर्ने कुरालाई समेत दृष्टि गोचर गरि हेर्ने हो भने प्रतिदिन महिलाले पुरुषको तुलनामा झण्डै दोब्बर काम गर्दछन् तर उनीहरूको काम र योगदानको कुनै मूल्यांकन गरिदैन (राय, १९७६) ।

छोरा र छोरी बिचका यिनै विभेदकारी सामाजिक दृष्टिकोणका कारण विश्वमा महिलाहरु विभिन्न अवसरहरुवाट वञ्चित छन् । लैङ्गिक असमानता विश्वको एउटा प्रमुख समस्या बनेको छ । नेपालकै सन्दर्भमा कुरा गर्ने हो भने जीवनका अवसरहरु जस्तो घुमफिरको स्वतन्त्रता, राजनीति र अर्थव्यवस्थामा महिलाहरुको उल्लेख्य उपस्थिति छैन । शिक्षा र रोजगारका अवसरहरु, परिवारस्तरमा सम्मानित र न्यायोचित व्यावहारहरुका साथै, सम्पतिको चलन भोगको अधिकारमा महिलाहरुको पहुँच अतिकम छ ।

मानव इतिहासको सुरुवात क्रममा हेर्दा महिला र पुरुष बीच कुनै भेदभाव थिएन भन्ने मान्यतालाई सहर्स स्वीकार्दछौ । तर पछि आएर मात्र भेदभावको स्थिति देखा पर्दै गएको हो । यसको प्रत्यक्ष असर आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, धार्मिक आदि सम्पूर्ण पक्षहरूमा देखा पर्न गयो । यसले गर्दा एउटै परिवारका महिला र पुरुष बीच भेदभावपूर्ण अर्थात् असमानताका बादलहरू मडारिन थाले । अहिले संसारका अधिकांश समाजमा पुरुष नियन्त्रण नै बढी देख्न सकिन्छ । यो समाजको परिवर्तित स्वरूप हो भन्ने कुरामा धेरै विद्धान्हरू सहमत छन् (ओझा, २०६३) ।

प्रशिद्ध समाजशास्त्री इ.वि. टायलर (१९७८) ले समाज विकासको शुरुका दिनमा पुरुष माथि महिलाको नियन्त्रण थियो तर यो अवस्था धेरै दिन टिक्न सकेन जसको परिणाम स्वरूप समाज विस्तारै पितृसत्तातर्फ रूपान्तरण हुँदै गएको कुरालाई आफ्नो अध्ययनमा प्रष्ट पारेका छन् । यहि तथ्यलाई स्वीकार गर्दै महान विचारक एङगेल्स (१९७८) ले “आदिम कालमा रहेका मातृसत्तात्मक पारिवारिक ढाँचा परिवर्तन हुँदै गएर समाजमा पितृसत्तात्मकताको शुरुवात भएको हो । जुन महिलाहरूको अत्यन्तै ठूलो हार थियो ।” भन्ने विचार व्यक्त गरेका छन् ।

त्यस्तै गरि विश्वका महान् विचारक देखि लिएर प्रमुख धर्मशास्त्रहरू समेत महिलाहरूप्रति पूर्वाग्राही देखिन्छन् । अरस्तु भन्दछन् - "पोथीको आत्मा हुँदैन" महिलाहरूको शरीर कमजोर भएकाले नै उनीहरूको योग्यता पनि कमजोर भएको हो । त्यस्तै गरी सिग्मण्ड फ्रायड भन्दछन् -"महिलाहरूको शरीर नै भाग्य हो ।" त्यस्तैगरी धार्मिक दृष्टिकोणमा हेर्ने हो भने हिन्दु, बौद्ध, इश्लाम, क्रिश्चियन आदि धर्मशास्त्रले पनि लैगिङ्क विभेदलाई प्रोत्साहन दिइराखेको छ । प्रशिद्ध धार्मिक ग्रन्थ बाइबलका अनुसार - "कोरी र आइमाईलाई समान दयाभाव राख्नु पर्दछ ।" त्यस्तै गरी हिन्दु धर्मशास्त्रका प्रणेता मनु भन्दछन् - "आईमाईलाई बाल्यकालमा बाबुले, यौवनकालमा लोग्नेले, बुढेसकालमा छोराले नियन्त्रणमा राख्नुपर्दछ ।" यि कुराहरूका आधारमा हामी के भन्न सक्छौ भने विश्वका महान विचारक देखि प्रमुख धर्मशास्त्र पनि समानताको पक्षमा देखिदैनन् । विश्वका अधिकांश समाजमा पुरुषको तुलनामा महिलाहरूको भूमिका बढी देखिन्छ । पुरुषहरू खासगरी उत्पादन तथा सामाजिक भूमिकामा संलग्न हुन्छन् भने महिलाहरू यि दुवै भूमिकाको साथसाथै जैविक रूपमा पनि पुनरउत्पादक भूमिकामा संलग्न हुन्छन् साथै भ्रूण अवस्था देखि नै विभिन्न यातना, अपमान, घृणा आदि भोग्नु पर्ने स्थिति देखिन्छ । यसबाट महिलाहरूको मानव अधिकारको अवहेलना भैरहेको स्थितिलाई स्वीकार्न हामी बाध्य छौ । हुनत महिलाका पक्षमा विभिन्न सन्धी, सम्झौता नभएका पनि होइनन् । जस्तै संयुक्त राष्ट्र संघको वडापत्र १९४५, मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८, महिला विरुद्ध भेदभावका सबै स्वरूपहरूको उन्मूलन विषयक संयुक्त राष्ट्र संघीय सन्धी १९७९, शैक्षिक भेदभाव विरुद्धको युनेस्को सन्धी १९६२ लगायत विभिन्न सन्धि, सम्झौता, भेला निकै अगाडी देखि भएता पनि समस्या यथावत नै छ (श्रेष्ठ र अन्य, २०६६) ।

परम्परागत तथा परिवर्तीत कानुन सन्दर्भमा नेपाली महिलाहरूको हैसियत एवं स्थितिलाइ प्रष्ट्याएको छ । नेपालमा जे जस्तो कानून ऐन, नियम, संविधान बनेका छन् ती सबै हिन्दु धर्म प्रभावित पितृसतात्मक मुल्य मान्यता र नियम बाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित छन् परम्परागत कानूनमा महिलाको हैसियत न्यून भए पनि परिवर्तीत कानूनले महिला समानता सम्बन्धी विभिन्न नियम कानुनलाई व्यवहारिक रूपमा लागु हुन दिएका छैनन् भन्ने कुरालाई पुस्तकले प्रष्ट्याएको छ । महिलाले आफ्नो व्यक्तिगत सम्पत्तीलाई उपयोग गर्न सम्पत्ती प्रमाणीत गर्नु पर्दछ । पुर्ख्यौली सम्पत्ती, शेषपछिको दोलाजी सम्पत्तीमा पुरुषले समान महिलाले पहिलो प्राथमिकता पाउँदिनन् । मुलुकी ऐन ( हाल संशोधन भन्दा अघि) ले गर्भ पतन लाई कानुनी मान्यता नदिएको हुँदा कैयौ महिलाहरूको ज्यान

जोखिम बनेको वा मुत्यु भएको पाईन्छ । यसले महिलाको जीवनलाई कष्टकर बनाएको देखिन्छ । समाजमा रहेको दाइजो, तिलक, अनमेल विवाह, वहु-विवाह, बाल विवाह, जस्ता प्रथाले नारीहरूको अस्तित्व लाई अरु जटिल बनाएको छ भन्ने कुरा उल्लेख गरिएको छ । Bennett (1979)

हाम्रो समाजमा महिलाहरुलाई स्वतन्त्ररुपले चिनाउने भन्दा उनिहरु कसैकी छोरी, कसैकी वुहारी वा कसैकी आमा र कसैकी श्रीमति भनेर चिनाईन्छ । धर्म शास्त्रहरुले महिलाहरु आफै वा आफ्नो छुट्टै अस्तित्वमा बाँच्न नसक्ने भनेर परिभाषित गरेको पाइन्छ । हिन्दु समाजमा महिलाहरु बाल्यकालमा बाबुको अधिनमा, उमेर पुगेर विवाह गरेपछि लोग्नेको अधिनमा र बुढेसकालमा छोराको अधिनमा हुन्छन् भनिएको छ भने इस्लाम धर्मका कडा कानुनले महिलाहरुलाई वुर्काबाट बाहिर निस्कने अनुमति दिदैन । यस प्रकारका विभेदहरु र असमान पहुँचहरुको अन्त्य गरिएमा मात्र लैङ्गिक समानता कायम हुन्छ । जसका लागि सैद्धान्तिक र व्यवहारीक परिवर्तनको आवश्यकता छ । हुन त विश्वमा आज क्रमिक रुपमा महिलाहरुको स्थितिमा परिवर्तनहरु भईरहेका छन् । कैयौँ राष्ट्रका महिलाहरु उच्च नेतृत्वमा पुगेका छन् । कोरिया, क्युवा जस्ता समाजवादी राष्ट्रहरुमा त डाक्टर, वकिल, इन्जिनियर र सांसद सम्मपनि महिलाहरु पुरुषको हाराहारीमा वा बढि संख्यामा पुगेका छन् । आज महिला विरुद्धका सबै विभेदकारी कानुनहरु, चलनहरु, संस्कारहरुको जग हल्लिएका छन् भने कतिपय विभेदका पहाडहरु ध्वस्त भईसकेका छन् । तर पनि कतिपय अवस्थामा महिलाका समस्या महिलाले नै नबुझि बाधक बनिरहेको पनि देखिन्छन् । अतः महिलामा हुने पराधिन मानसिकता र पुरुषमा हुने प्रभुत्वशाली मानसिकता रहेसम्म लैङ्गिक समानता कायम हुन सक्दैन र समाज अगाडि बढ्न सक्दैन ।

नेपालको राष्ट्रिय जनगणना वि.स.२०६८ अनुसार कूल जनसंख्या २,६४,९४,५०४ रहेको मा आधाभन्दा बढी अर्थात ५१.५० प्रतिशत जनसंख्या महिलाहरूको रहेको छ (के.त.वि., २०६८) । तरपनि महिलाहरू जीवनका हरेक पक्षमा कमजोर रहेका छन् । जस्तै आर्थिक रूपमा हेर्ने हो भने नेपाल कृषि पेशामा संलग्न छ । तर कृषि पेशामा संलग्न महिला तथा पुरुषहरू मध्ये एउटै कार्य गर्दा पनि पुरुषलाई बढी पारिश्रमिक दिने महिलाहरूलाई कम पारीश्रमिक दिइने गरिन्छ । त्यस्तै राष्ट्रिय जनगणना वि.स.२०६८ अनुसार नेपाली महिलाहरूको आफ्नै नाममा घरजग्गा राख्ने परिवार जम्मा १९.७१ प्रतिशत रहेको छ (के.त.वि., २०६८) । त्यस्तै उचित हेरचाह र स्वास्थ्य उपचारको अभावमा महिलाहरू रोगग्रस्त र कमजोरीपूर्ण जीवन विताउन बाध्य छन् । त्यस्तै गरी राजनीतिक क्षेत्रमा महिलाहरूको पहुँच पहिलेको तुलनामा केहि बढेता पनि खासै पहुँच छैन् । त्यस्तै

गरी शैक्षिक अवस्था तर्फ हेर्ने हो भने ७५.१ प्रतिशत पुरुष र ५७.४ प्रतिशत महिला साक्षरता रहेको छ (के.त.वि., २०६८) । त्यस्तै गरी अर्कोतर्फ अध्ययनको स्तर बढ्दै गएको पाइन्छ । यस तर्फ आफैबाट ध्यान पुऱ्याउन जरुरी छ । र सोही अनुरूप महिलाको शैक्षिक स्तरमा वृद्धि गर्नका लागि प्रभावकारी कदम चाल्नुपर्ने देखिन्छ ।

विकास प्रकृयामा महिलालाई संलग्न गराएमा आर्थिक क्षेत्रमा योगदान हुन्छ भन्ने कुरामा पञ्चायत काल देखिनै जोड दिन शुर गरियो र अहिले सम्म यो जोड निरन्तर भई आएकोमा आश्चर्य मान्नु पर्दैन । उदाहरणका लागि सन् १९७९ मा नेपालका लागि महिलाहरूको योगदान वृद्धि गर्न प्रयासरत थियो (अर्याल, १९६५) । यसै गरी नेपालको जनसंख्याको ४८.८ प्रतिशत भाग महिलाले ओगटेको छन् । तथा उनीहरू देशका सम्भावित श्रम शक्ति पनि हुन् । त्यसैले यो उत्पादनशील श्रमशत्तिलाई परिचालित गरियो भने उत्पादनको निरन्तर वृद्धिसँगै विकासको दर पनि बढाउन सकिन्छ । सातौ योजनामा यो तर्क सहित महिलाका लागि राष्ट्रिय नीति तयार गरियो । साथै हालसालै गरिएका धेरै स्वतन्त्र अनुसन्धानहरूले पनि मानव संसाधनको उच्चतम उपयोगका लागि स्रोत तथा अवसरहरूको समतामुलक वितरण हुनु पर्दछ भन्ने कुरा औल्याएका छन् (आचार्य, १९९५) ।

नेपालको कुल जनसंख्याको आधा धर्ती महिलाले ओगटेता पनि राज्य संरचनाले सबै क्षेत्र तथा तहहरूमा महिलाको प्रतिनिधित्व अत्यन्तै न्यून रहेको छ । पितृसतात्मक सामाजिक संरचनाले गर्दा देशको सामाजिक, आर्थिक क्षेत्रमा उल्लेखनिय योगदानकर्ताको रूपमा रहेका अधिकांश महिलाहरूले विभिन्न सामाजिक सांस्कृतिक एंव राजनैतिक क्षेत्रमा असमानता तथा भेदभावको शिकार बन्नु परेको कुरा नेपाली समाजको तितो यथार्थ हो । नेपालको संविधान २०७२ को धारा ३८ मा महिला हक अधिकारका विषयहरूलाई मौलिक हकको रूपमा मान्यता दिएता पनि ती व्यवस्थाहरूको उचित कार्यान्ववयनको अभावमा महिला र पुरुष बीच समता र समानताको व्यवस्था कायम हुन नसकि समस्या यथावतै रहेको यस क्षेत्रमा गरिएका धेरै अनुसन्धानहरूले के देखाउँछ भने महिला बालिकामा गरिने लगानीले गरिबी निवारण र राष्ट्रको समग्र समृद्धिमा प्रत्यक्ष रूपमा सकारात्मक प्रभाव पार्दछ । वर्ल्ड इकोनोमीक फोरमले आफनो लैङ्गीक विभिन्नता सम्बन्धी Gender Gap प्रतिवेदनमा विभिन्न देशमा आर्थिक एवं राजनीतिक सहभागिता र शिक्षा तथा स्वास्थ्यमा पहुँचको सन्दर्भमा महिला र पुरुष बीचको विभेद झण्डै समाप्त भैसकेको देशहरू आर्थिक रूपमा अरुभन्दा समृद्ध छन् भन्ने यथार्थलाई उजागर गरिसकेको छ (नेपाल महिला आयोग, २०६८) ।

वास्तवमा नेपाली महिलाहरू स्वतन्त्रता पूर्वक बाच्न पाउनु पर्ने आधारभूत मानव अधिकारबाट समेत बञ्चित स्थितिमा छन् । अर्थात् सामाजिक-सांस्कृतिक रूपमा नै परिवारको एउटा दासको रूपमा बाँच्न बाध्य छन् । दिनानुदिन महिलाहरू माथि हुने दमन, शोषण, हिंशा, आदिका घटनाहरू बढिराखेका छन् । यस्तो स्थितिबाट छुटकारा पाउन नसकेसम्म महिलाहरूको कुनै पनि विकास सम्भव पनि हुँदैन । तसर्थ महिलाहरूलाई सशक्त बनाई अनीहरूको चेतनामा वृद्धि गराउन सहयोग गर्ने प्रमुख साधन शिक्षा नै हो । त्यसैले महिलाहरूलाई शिक्षित बनाउनु आजको माग हो । यसका लागि पुरातनवादी अवैज्ञानिक सामाजिक दृष्टिकोण र मान्यतामा व्यापक परिवर्तनको खाँचो छ । महिला आन्दोलन सहितको सामाजिक क्रान्तिको आवश्यकता छ । त्यसो हुनका लागि पूर्वसर्त भनेको हरेक समाजको वस्तुगत अध्ययन अति जरुरी छ । जसको एउटा पाहिला यो शोधपत्र हुने आशा राख्न सकिन्छ । यस्ता हजारौं अनुसन्धानहरुले समाज समतामुलक र समुन्नत हुन सक्छ ।

## १.२ समस्याको कथन

नेपालको कुल जनसङ्ख्या मध्ये ५१ प्रतिशत महिलाहरु छन्, आधा भन्दा बढी आकाश ढाक्ने देशको यो ठूलो जनसंख्या नै शिक्षा, स्वास्थ्य, संचार आदि क्षेत्रमा न्युन पहुँच राख्दछ । कडा परिश्रमले सताइने नेपाली महिलाहरुको सामाजिक र आर्थिक अवस्थालाई हेर्दा दोश्रो दर्जाको नागरिक सरह महशुस गरिन्छ (**केन्द्रिय तथ्याङ्क विभाग, २०६८**)। नेपाली महिलाहरुको अर्को समस्या भनेको सहभागिताको हो । घर बाहिर बस्ने पुरुषहरुको प्रसंसा गरि नथाक्ने समाजले एक रात घरबाट टाढा बस्दा महिलामाथि छड्के नजरले हेर्दछ । नाना थरिका पवित्रता र अपवित्रताका पुराण पढाईन्छ । यसै कुराले के प्रष्ट हुन्छ भने शिक्षा, विवाह, पेशा, र आस्थामा पनि महिलाहरुले आत्मनिर्णय गर्न पाउदैनन् । उनिहरु पुरुषमा निर्भर हुन्छन् । विश्वमा महिलाहरुको स्थानको कुरा गर्दा अमेरीकन र युरोपीयन महिलाहरुको तुलनामा एसिया र अफ्रिकामा महिलाहरुको स्थान कमजोर रहेको पाइन्छ महिलावादी आन्दोलनहरुले पनि महिलाहरुको हक, हित र स्थान खोज्नको लागि केहि हद सम्म सहयोग गरेको पाइन्छ तर कर्णालीका महिलाहरुको सामाजिक आर्थिक स्थितिमा केहि सुधारका लक्षणहरु देखिएपनि त्यो नेपालका अन्य क्षेत्रका तुलनामा ज्यादै कमजोर छ ।

हरेक व्यक्तिले शिक्षा प्राप्त गर्न पाउनु पर्दछ । यो उसको नैसर्गिक अधिकार पनि हो । किनकी शिक्षा एउटा यस्तो सशक्त माध्यम हो जसले व्यक्तिमा ज्ञानको ज्योति छर्दछ । जसले गर्दा सभ्य समाजप्रति उत्तरददायी व्यक्तिहरू तयार भई समाज विकास तथा सुधारमा टेवा पुग्दछ (अधिकारी, २०६७) ।

पुरुषको तुलनामा महिलाको शैक्षिक अवस्था संसारकै अधिकांश ठाउँहरूमा कमजोर देख्न सकिन्छ भने स्वभाविक रूपमा नेपाल पनि यसबाट अछुतो छैन । यद्यपी नेपालका हरेक समाजमा महिलाको अवस्था एकैनासको नभए तापनि पुरुषको तुलनामा न्यून भने अवश्य छ । मुलुकको शैक्षिक क्षेत्रमा थुप्रै सरकारी तथा गैर सरकारी क्षेत्रले विविध कार्यक्रमहरू संचालन गरिनै रहेका छन् । तैपनि तुलनात्मक रूपमा महिलाको सामाजिक, आर्थिक अवस्था कमजोर नै रहनुको पछाडिका कारणहरू बुझ्नुपर्ने अपरिहार्यतातर्फ इङ्गित रहेको छ । हरेक किसिमका कार्यक्रमहरूको सफलता वा असफलतामा उक्त कार्यक्रम लागू गरिएका समाजको सामाजिक सांस्कृतिक वातावरणले अहम् भूमिका निर्वाह गर्दछ ।

त्यसैले सामाजिक वातावरण, मूल्य मान्यतालाई पहिचान गरी गलत मान्यताहरूलाई सम्मान र संरक्षण गरी स्थानीय जनताको आवश्यकता र चाहना बमोजिमको शैक्षिक कार्यक्रमहरू लागु गरिएमा असफल हुने प्रश्न नै उठ्दैन । जसको निम्ति शैक्षिक पाठ्यक्रम स्वयं पनि सामाजिक रुढिवादी विरुद्ध चेतना प्रवाह गर्न सक्ने खालको हुनु आवश्यक छ (सेरिड, १९९४) ।

बहुमतमा रहेको नेपाली महिला जनसंख्याको सामाजिक र आर्थिक पक्षको मुल्याङ्कन गर्नु महत्वपूर्ण विषय हो । यही विषयलाई मुख्य आधार बनाएर यस अध्ययनलाई केन्द्रित गरिएको छ । प्रस्तुत अध्ययनको उद्देश्य प्राप्तिका लागि निम्न **अनुसन्धान प्रश्नहरु** उठाइएको छ ।

- अध्ययन क्षेत्रका महिलाहरुको सामाजिक, आर्थिक अवस्था कस्तो छ ?
- अध्ययन क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक अवस्थालाई प्रभाव पार्ने तत्वहरू के के हुन् ?
- अध्ययन क्षेत्रका महिलाहरुमा कस्तो सामाजिक र आर्थिक परिर्वतन आएको छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अनुसन्धानको मूलभूत उद्देश्य महिला सामाजिक र आर्थिक अवस्थासँग सम्बन्धित विविध पक्षहरूको अध्ययन गर्नुरहेको छ । यसै उद्देश्यको परिपूर्ति र पूर्णताको निमित्त निम्न लिखित विशिष्ट उद्देश्यहरू तय गरिएको छ :

- अध्ययन क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक अवस्थाबारे लिनु ।
- समाजमा विद्यमान महिलाहरुको सामाजिक, आर्थिक अवस्थालाई प्रभावित गर्न जिम्मेवार तत्वहरूको पहिचान गर्नु ।
- अध्ययन क्षेत्रका महिलाहरुको सामाजिक, आर्थिक अवस्थामा कसरी परिवर्तन गर्ने भन्ने बारेमा धारणा पत्ता लगाउने ।

## १.४ अध्ययनको महत्व

आजको आधुनिक युगमा विभिन्न खोज अनुसन्धान, विभिन्न उद्देश्य प्राप्तिका लागि गरिएको हुन्छ । जसको विशेष महत्व रहेको हुन्छ । प्रस्तुत अध्ययनको लक्ष्य बेलकोटगढी नगरपालिका वडा न. ९ का महिलाहरुको सामाजिक, आर्थिक स्थितिको तथ्याङ्क उपलब्ध गराउनु हो ।

हुन त यस प्रकृतिका अध्ययन अन्यत्र पनि भएका हुनसक्छन् । तर समान उद्देश्यको लागि भने अवश्य भएका छैनन् । फेरि विविधतायुक्त नेपाली समाजमा अन्यत्र गरिएको अध्ययनले सम्पूर्ण समाजको प्रतिनिधित्व पनि गर्न सक्दैन । त्यसैले यस अध्ययनबाट प्राप्त निष्कर्ष अन्य अनुसन्धानकर्ता विद्यार्थी, सरकारी योजनाकार, नीतिनिर्माता, राजनितिज्ञ, सामाजिक कार्यकर्ता, लैङ्गिक विषयमा चासो राख्ने जो कोहिलाई पनि उपयोगी हुनसक्छ ।

## १.५ अवधारणत्मक ढाँचा

महिलाहरुको सामाजिक -आर्थिक स्थिति निर्धारणमा धेरै पक्षहरुले भुमिका खेल्दछन् । यो अध्ययनमा शिक्षालाई Conceptual framework मानी महिलाहरुको स्थितिको विश्लेषण गरिएको छ । शिक्षा आर्जन गर्ने महत्वपुर्ण समयमा केटीहरु घरेलु कार्यमा आमा बुबालाई सघाउँछन् विद्यालय

गए पनि सानै उमेरमा विद्यालय छोड्छन् । अनुतिर्ण भई कक्षा दोहऱ्याउछन् । विभिन्न कारणले उनिहरु शिक्षाका अवशरहरुवाट बञ्चित हुन्छन् । शिक्षा विना महिला वा पुरुष कोही पनि अघि बढ्न सक्दैनन् । त्यहि भएर संविधानमा शिक्षा निशुल्क र अनिवार्य हुनु पर्छ भन्ने आवाज उठिरहेको छ ।

महिलाहरुको स्थिति थाहा पाउने अर्को महत्वपूर्ण सुचक भनेको स्वास्थ्य हो जुका परेको थाहा नपाई ज्यान गुमाउनु पर्ने बाध्यता र झाडापखाला परेकालाई पानी दिनुहुन्न भन्ने यहाँको आम स्वास्थ्य चिन्तन ले केही तस्वीर त झल्काउछ । त्यसमा पनि १ लाख जनसंख्यालाई ३ दरवन्दि भएपनि १ जना डाक्टरको सेवा उपलब्ध हुन गाह्रो हुने स्थितिबाट उत्पन्न हुने समस्याहरुलाई पनि नजरअन्दाज गर्न सकिदैन ।

यसका साथै हरेक काममा आज महिला सहभागिताको कुरा उठिरहेका छन् । महिलाहरुलाई विकासका विभिन्न कार्यमा सहभागिता गराएमात्र उनिहरु श-सक्तिकरण हुन्छन् । यस बाहेक विवाह पनि महिलाहरुको जीवनमा महत्वपुर्ण पक्ष हो । विवाहले महिलाहरुको भावि जीवन कस्तो हुने भन्ने भएकाले यो विषयले पनि अध्ययनको महत्व राख्नेछ ।

# अवधारणत्मक ढाँचा

**महिलाको स्थिति निर्धारणका तत्वहरु**

**समाजिक पक्ष**

१. उमेर

२. धर्म

३. भाषा

४. बैवाहिक अवस्था

५. शिक्षा

६. पारिवारिक संरचना

७. परिवारको आकार

८. महिलाको क्षेत्रमा कामगर्ने सँघसंस्थाहरु

↔

**आर्थिक पक्ष**

१. पेसा

२. परिवारको मुख्य आम्दानी

३. परिवारको बार्षिक आम्दानी

४. जमिनको स्वामित्व

६. महिला संग व्यक्तिगत सम्पक्ति (दाइजो वा पेवा)

# अध्याय दुईः पूर्व अध्ययनको पुनरावलोकन

नेपालका महिला तथा बालिकाहरूको शिक्षामा के कस्तो सहभागिता, पहुँच छ भनि हालसम्म गरिएका विभिन्न अध्ययन अनुसन्धानबाट पत्ता लागेका तथ्याङ्कहरूले प्रस्तुत अध्ययनलाई सहयोग गर्ने आशयका साथ यहाँ उल्लेख गरिएको छ ।

## २.१ महिलाका सावल तथा मुद्धाहरु सम्वन्धि साहित्यको समिक्षा

महिलाहरुका समस्या र समाधानका विषयमा विभिन्न स्वदेशी तथा विदेशी विद्धानहरुका विचार, अध्ययन र दृष्टिकोणहरु छन् । नेपालले पनि पुरुष सरह महिलालाई अधिकार प्रदान गर्ने विभिन्न अन्तराष्ट्रिय महासन्धिहरुमा आफ्नो समर्थन औपचारिक रुपमा प्रदर्शन गरेको छ । महिलासँग सम्बन्धित सवालहरुलाई मुखरीत गर्न विभिन्न समयमा अन्तराष्ट्रिय महिला सम्मेलनहरु भएका छन् त्यस्ता सम्मेलनहरुले अघि सारेका सवालहरुलाई विभिन्न देशका सरकारहरुले आफ्नो देशको सम्बन्धमा लागू गर्ने प्रत्यत्न गरेका छन् । यसै सम्बन्धमा नेपाल सरकारले छैठो योजनादेखि महिलाको समस्याको सवाललाई कुनै न कुनै रुपमा स्वीकारेको देखिन्छ । हालसम्म सम्पन्न भएका चारवटा महिला सम्बन्धि अन्तराष्ट्रिय सम्मेलनले निर्धारण गरेका सवाललाई मध्यनजर गर्दै सम्बन्धित देशका सरकारहरुले महिला विकासका कार्यक्रमहरु निर्धारण गरेका छन् ।

नेपालको सन्दर्भमा विभिन्न राजनीतिक दल, गैह्र सरकारी संस्थाहरु, विभिन्न सरकारी संस्थाहरु, नागरिक समाज, आदि सबैले आजको सन्दर्भमा महिलाहरुका समस्या र समाधानका विषयमा बहस चलाएका छन । आफ्नो दृष्टिकोणहरु अघि सारेका छन् । यस्ता समस्त प्रक्रियाहरुले महिलाका समस्या बुझ्नमा सहयोग गर्दछ । साथै सरकारी तथा गैरसरकारी प्रतिवेदनहरु प्रकाशित छन् । ति मध्ये निम्न शिर्षकहरु सँग मिल्दा सन्दर्भहरु समिक्षामा राखिएको छ ।

### २ .१.१ महिला  र उमेर

सिर्सियामा ५ वर्ष देखि ९ वर्ष उमेर समुहका पुरुष बच्चाहरुले प्रत्येक दिन १.२४ घण्टा काम गर्दछन भने त्यही उमेरका महिला बच्चाले २.०५ घण्टा काम गर्दछन । पुरुषहरुले उत्पादनसिल कार्यमा ९२.२% समय विताउँदछन् भने महिलाले त्यही उत्पादनसिल कार्यका लागि ३८.८% समय विताउछन । तर पनि महिलाले पुरुष भन्दा बढी काम गर्दछन । पुरुषका लागि ७ घण्टा फुर्सदको समय हुन्छ भने केटीहरु १० दखि १४ वर्ष उमेर समुहका ले ५ घण्टा प्रति दिन सरदर काम गर्दछन (**आचार्य, मिना १९८१:१२७**)

### २.१.२  महिला र विवाह

महिलाको स्थितीका लागि विवाह पनि एक महत्वपुर्ण पक्ष हो । किनभने वैवाहिक प्रक्रियाबाट महिलाको स्थिती छोरी बाट बुहारीमा परिर्वन हुन्छ । जसले महिलालाई पुर्ण रुपमा श्रीमान माथि निर्भर गराउँछ ।  Acharya and Bennett (1981) The Status of women in Nepal का अनुसार किनभने महिलाको परिवार माथि श्रीमानको माध्यमबाट मात्र अधिकार हुन्छ । नेपालको सम्पति माथिको अधिकारका बारेमा बेनेटले लेखेकी छन् "पुरुषहरु जैविक रुपमा जन्मबाट नै सम्पति माथिको अधिकार ल्याएर आएका हुन्छन्" महिलाको सम्पति माथिको अधिकार पुर्ण रुपमा उनको विवाहको सामाजिक तथ्यमा निर्भर रहन्छ र उनको आर्थिक सुरक्षा वैवाहिक आचरणमा निर्भर रहन्छ । मुलुकी ऐन ले विवाहका लागि १८ वर्ष तथा २० वर्ष पछि मात्र अनुमति दिएको छ तर युनिसेफले भनेको छ २२% ले १३ वर्षको उमेरमा विवाह गर्छन भने ५०% ले २० वर्षको उमेरमा विवाह गर्दछन् विकासोन्मुख देश हरुका महिलाहरुले कलिलै उमेरमा विवाह गर्छन । यु.एन.का अनुसार ५०% अफ्रिकन ४०% एसियन र ३०% लेटिन अमेरिकन महिला १८ वर्षको उमेरमा विवाह गर्छन । नेपाल मानव विकास प्रतिवेदन १९९८ का अनुसार ४४ प्रतिसत महिलाहरुको विवाह १९ वर्ष नपुग्दै हुन्छ । र विवाहित ४ प्रतिसतले १९ वर्ष नपुग्दै वच्चा जन्माउछन् । मानव विकास प्रतिवेदन २००४ मा उल्लेख भएअनुसार नेपाली महिलाको विवाह गर्ने औषत उमेर सन १८७१ मा १६.८ वर्ष थियो भने सन २००१मा १९.५ वर्ष पुगेको छ ।

### २.१.३ महिला र शिक्षा

Acharya and Bennett (1982) मानिसले केटाहरु भन्दा केटीहरुलाई शिक्षित वनाउन कम इच्छा राख्दछन् । किनकी थोरै मानिसले मात्र केटीहरुलाई विद्यालय पठाउँछन् र केहीले मात्र छोरा र छोरीको शिक्षा वरावर चाहन्छन् । उनिहरुले प्रकासित गरेको पुस्तक Women and the subsistence sector economic participation and household decision making in Nepal मा महिलाको साँकृतिक प्रारुप र मान्यताको सम्वन्धका साथै महिला र पुरुषले गर्ने कामको वाँडफाँड र महिलाका स्थितिका वारेमा विश्लेषण गरिनेछ । उक्त कृतिमा सामाजिक, आर्थिक, जानसँख्याकिक आदि जटिल पक्षमा महिलाहरुको निर्णय गर्ने भूमीकामा प्रभाव पारेका छन् । जसमा घरेलुकाम र कृषि उत्पादनमा ८६ प्रतिसत महिलाहरु उत्तरदायी छन् । छोरीको अध्ययनमा जोड दिदै घिमिरेले छोरालाई शिक्षित वनाउनु भनेको एक व्यक्तिलाई शिक्षित वनाउनु हो भने छोरीलाई शिक्षित वनाउनु भनेको पुरा परिवारलाई नै र समाजलाई नै शिक्षित बनाउनु हो त्यसकारण महिलालाई शिक्षामा आत्म निर्भर हुन बढि उत्पादक हुन सिपयुक्त हुन र तिनिहरु समाजमा ठिक स्थान छान्न आवश्यक छ र महिलालाई राष्ट्रको विकासको मुलधारमा प्रवेश गर्न पनि शिक्षाको आवश्यकता छ ।

महिला शिक्षाका वारेमा जतिपनि अध्ययन, प्रतिवेदन र विचारहरु छन् ती सवैको निचोड महिलाहरुलाई शिक्षा दिनुको विकल्प छैन । त्यही भएर होला देशको संविधान ऐन, कानुनहरुमा महिला शिक्षाका वारेमा विशेष खालका प्रावधानहरु राखिएका छन् तर छोरीलाई पढाउनु पर्छ भन्ने सामाजिक अभियान अँझै विकास हुन सकिरहेको छैन । राज्यले महिला शिक्षामा लगानी वढाएको छ । तर सोही अनुरुप प्रतिफल प्राप्त हुन सकिरहेको छैन । यसका कारणहरुमा वालीकाहरुमा पारीवारिक कामको बोझ हुनु, विद्यालय संचालनमा अनियमितता हुनु, गरिवी हुनु, शिक्षाको उपादेयता वारे न्युन मूल्याङ्कन हुनु, विद्यालय भित्र विभेदपूर्ण वातावरण हुनु र मातृभाषामा शिक्षा दिने परिपाटीको अभाव हुनु आदि ।

*(नेपाल मानव विकास प्रतिवेदन २०१० )*

### २.१.४ महिला र सामाजिक भेद भाव

बलराम आचार्यको 'लैङ्गिक अध्ययन' नेशनल बुक्स सेन्टर, भोटाहिटी, काठमाडौं नामक पुस्तकमा महिलाहरु सामाजिक र साँस्कृतिक रुपमा नै पिडित हुनुपर्ने कही सामाजिक विभेदहरु औल्याइनेछ । लेखकका अनुसार :

- लैङ्गिक आधारमा महिला पुरुष वीच, महिला महिला (सासु वुहारी, नन्द र भाउजु, पढे लेखेका र नपढेका, सहरिया र गाँउले, उपल्लो जात र तल्लो जात) बीच विभेद गरिन्छ ।
- सहरिया महिला र गाँउले महिला विच विभेद ।
- सम्पति माथिको स्वामित्व र त्यसको चलखेल माथि महिला र पुरुष वीच विभेद छ ।
- धार्मिक कार्य गर्न र काज क्रिया गर्न पढ्न घुमफिर गर्न आदिमा महिला र पुरुष वीच विभेद छ । घरायसी कार्यमा काम गर्ने समय पुरुषको तुलनामा महिलाको निकै बढि छ ।

उक्त पुस्तकमा नेपालमा सँस्कृतिका नाममा महिलामाथि हुने गरेका शोषणहरुलाई औल्याइएको छ । जसका केही उदाहरणहरुमा उल्लेख गरिएको छ :

- सुदुर पश्चिमाञ्चलको देउकी प्रथा ।
- दाङ्ग देउखुरीको वादी प्रथा ।
- झुमा प्रथा र नारी प्रतिको व्यवहार ।
- नेपाली समाजमा गाँजिएको दाईजो प्रथा ।
- मकवानपुर तिरको चेलिवेटी वेच विखन प्रथा ।
- मनाङ्ग मुस्ताङ्ग तीरको वहुपति प्रथा ।
- कुमारित्वको धारणा र छिटो विवाह गर्ने प्रचलन ।
- रजस्वला हुने नियमित प्रक्रियामा शुद्धता र अशुद्धताका लागि अर्थहिन मान्यता र कठोर व्यावहार आदिलाई लिइएको छ ।

यी परम्परागत प्रथाका साथै 'वोक्सी' 'टोकाइ' आदिको लाञ्छाना, घरायसी हिंसा, यौन शोषण अनि महिला सामाजिकिकरणमा गलत प्रक्रियाहरु रहेको कुरा उल्लेख गरिएको छ । यी सवै कुप्रथाहरु सामाजिक कलंकका रुपमा नेपालीसमाजमा विद्यमान छन् । कानुनद्धारा नै दण्डनीय भई सकेका यी प्रचलनहरुलाई हटाउन नागरिक चेतना र शिक्षालाई बढि जोड दिनु पर्छ । मानव धर्म र प्रगतिशिलविचारको प्रचार र व्यवहारको पनि अति खाँचो छ ।

### २.१.५ महिला र स्वास्थ्य

प्राकृतिकरुपमा नै महिलाहरु अत्यन्त कोमल शारिरीक वनोटका हुन्छन् । प्रजनन् प्रक्रियामा १० महिना सम्म गर्भ वोक्नु पर्ने र प्रसूती भए पछि पनि बच्चालाई हुर्काउने क्रममा महिलाहरुको स्वास्थ्य अति कमजोर हुन्छ । यस कुरालाई विचार गरी वेइजिङ्ग महिला सम्मेलन बाट महिला स्वास्थ्य सम्वन्धि निम्न निर्णयहरु पारित गरिएका थिए ।

- महिला प्रजनन् अधिकार सुरक्षित गर्ने ।
- महिलाको स्वास्थ्य सुधारकालागि आर्थिक स्रोतहरु वढाउने ।
- महिला स्वास्थ्य सम्वन्धि अनुसन्धान कार्य संचालन गर्ने

नेपालमा महिला स्वास्थ्य सम्वन्धि थुप्रै समस्याहरु देखिएका छन् । शिक्षाको कमि गरिवी, कलिलो अमेरमा विवाह गर्ने चलन, अस्पताल र स्वास्थ्य केन्द्रको कमि अन्ध विश्वास आदि कारणहरु यसमा जिम्मेवार रहेका छन् । दसौं योजना (२०६३ देखि २०६८) मा नेपाली महिलाको प्रजनन् दर २.६ प्रतिसत भन्दा कम हुन सकिरहेको थिएन । परिवार नियोजनका साधनहरु४५ प्रतिसत जनताले मात्र प्रयोग गरेको शिशु मृत्यु प्रतिहजार ४६ रहेको छ ।

यसै गरी नेपाल सरकारको २० वर्षे दिर्घकालिन स्वास्थ्य नीति लागु भएको छ । जसमा परिवार नियोजन तथा मातृ शिशु कार्यक्रमलाई सरकारी तथा गैह्र सरकारी सस्था मार्फत सँचालन गराउने, गाँउघरमा सुरक्षित मातृत्व सम्वन्धि अवधारणा अवगत गराउने र मातृत्व सम्वन्धि ऐन कानुनहरु पारित गराउने आदि योजनाहरु वनाईएको छ । ***केन्द्रिय तथ्याङ्क विभाग, २०६८*** का अनुसार हाल नेपालमा महिला स्वास्थ्यको अवस्था नवौं योजनाको समापन हुँदा सम्म महिलाको औषत आयु ६४.६, मातृ मृत्युदर प्रति लाखमा ४१५ जना, प्रजनन् अवस्थामा स्वास्थ्य सेवा उपलब्धता १०.८ प्रतिसत र प्रजनन् दर ४.१ रहेको छ ।

### २.१.६ महिला र कृषि

समाजशास्त्री सुजद्धारा लिखित पुस्तक “समकालिन भारतका महिलाहरु” का अनुसार दक्षिण एसियाका देशहरुमा ७० देखि ८० प्रतिसत महिलाहरु कृषिका कृयाकलापमा वा कृषि उत्पादकका रुपमा अथवा कृषि श्रमिकका रुपमा भर्ना भएका छन् । महिलाको भुमिका धेरै जसो कृषिका क्रियाकलापलाई

पुरा गर्नु रहेको छ । कृषिमा संलग्न भएका मानिसहरुले तरकारी फलफुल खाना तथा पशुपालन गर्दछन् । राष्ट्रिय विकासमा महिलाहरुले खेलेको भुमिका महत्वपुर्ण छ ।

कृषि उत्पादन कार्यमा महिलाहरु पूर्ण रुपमा सँलग्न हुँदा हुँदै पनि रुढीवादी परम्परा र अन्धविश्वासका कारण उत्पादन स्वामित्व र उत्पादन निर्णयका साथै उत्पादनका साधनहरु महिलाहरुको पहुँच भन्दा टाढा रहेका छन । यदि नेपाली महिलाहरुलाई यी कुराहरुमा अधिकार सम्पन्न बनाउने हो भने राष्ट्रिय उत्पादन बढ्नुका साथै देशले कृषि क्षेत्रमा नयाँ आयाम् थप्न सक्छ । महिलाहरु कृषि विशेषज्ञ र कृषि वैज्ञानिकका रुपमा माथि उठ्न सक्छन् ।

### २.१.७ महिला र निर्णय प्रक्रिया

Stri Sahakit (1995) को प्रतिवेदन अनुसार धर्म, कानुन, परम्परा इतिहास र सामाजिक प्रवृतिहरु जस्त पितृसतात्मक उपरीसंरचना भएको समाजिक प्रणाली का कारण सार्वजनिकरुपमा महिला सहभागितालाई सिमित पारी दिएको छ । यी सवै सिमाहरु मानिसद्धारा निर्मित हुन्छन् ।

नेपाल पुरुषहरुको प्रभुत्व भएको देश हो । यहाँ महिलासहभागितालाई कम महत्व दिईन्छ । महिलाहरुलाई तवमात्र सहभागिता र निर्णयको अधिकार दिइन्छ जव पुरुष हरु घरमा हुँदैनन् अथवा घर वाहिर हुन्छन् । - *आचार्य मिना १९८१* )महिलाको अवस्था भन्ने कृति)

सोही कृतिमा अगाडि भनिएको छ महिलाहरुलाई कृषि क्षेत्रमा सिमित पारिएको छ । उनिहरुलाई खाली विउ वीजन को छनोटमा सिमित पारिन्छ ।महिलाहरु १८.५ प्रतिसतले मात्र आफ्नो निर्णय आफै गर्छन् । १२.५ प्रतिसतले पुरुषहरुसँग सँयुक्तरुपमा निर्णय गर्दछन्  नेपाली महिलाहरु निर्णय गर्ने तह सम्म पुग्दै नपुगेका भने होइनन् । केन्द्रमा उपप्रधान मंत्री, उपसभामुख र संविधान सभाका उपाध्यक्ष सम्म पुगेका छन् भने पार्टी नेतृत्वमा विभिन्न पार्टीका केन्द्रीय अध्क्षय सम्मपनि रहिसकेका नेपाली महिलाहरु विश्वका महिलाहरुकालागि प्रेरणा वन्न सग्दछन तापनि तल्लो वर्गका महिलाहरु भने माथि उठ्न सकेका छैनन् । घरायसी निर्णयमा पुग्नका लागि अभ्यासरत छन्

### २.१.८. महिला र नागरिक ऐन

नेपाल सरकारको वैधानिक कानुन २००४ ले नेपाली नागरिक महिला र पुरुषहरुले समानरुपमा हक हरु प्रयोग गर्न पाउने व्यावस्था गरे पनि व्यवहारमा त्यो लागू हुन सकेन । विसं २०२० मा वनेको

मुलूकी ऐनले कानूनी रुपमा जातिपाति र छुवाछुतको अन्त्य गरी वहुविवाह, वालविवाह तथा विवाहमा उमेरको सिमा निर्धारण र अन्तरजाति विवाह गर्नसक्ने केही कानुनी अधिकारहरु प्रदान गऱ्यो । प्रजातन्त्रको पुनर्वहाली भई बनेको नेपालको संविधान २०४७ को धारा ११मा समानताको हकको प्रत्याभुती गरी पुरुष र महिलालाई समान कानुनी संरक्षण प्रदान गरेको छ । यसै गरि संविधानको धारा १२ मा स्वतन्त्रताको हक र धारा २० मा शोषण विरुद्धको हक, आदि व्यवस्थाले महिलाहरुलाई कानुनी रुपमा यथेष्ट अधिकार प्रदान गरेको थियो ।

२०६२।०६३को १९ दिने जनआन्दोलन पछिको वनेको अर्थात २०६३ माघ १ गतेको अन्तरिम संविधानमा ३३ प्रतिसत महिलाको अनिवार्य प्रतिनिधित्वको हुनु पर्ने र संविधान सभाको समानुपातीक निर्वाचनमा ५० प्रतिसत प्रतिनिधित्वको प्राबधानले नेपाली महिलाहरुले साँच्चिकै समानता प्राप्त गरेका छन् ।

Gender and Laws : Nepalese perspective का अनुसार कानुनविद् युवराज संग्रौलाले छोरीलाई जन्मदा नै सदस्यतावाट वञ्चित गरिने कानुनी व्यवस्थाले केही गभिर समस्या सृजना गरेको तथ्यलाई वुँदागत रुपमा उल्लेखित गरेका छन् ।

- महिलाहरुको विवाह पूर्व व्यक्तित्वहिन हुने भएकाले आफ्नो इच्छा अनुसार कार्य गर्न पाउने अधिकार अपहरित भएको हुन्छ ।
- छोरीको विवाह वाल्यअवस्थामा नै हुन्छ । कानुनले तोकेको उमेर पुग्ने कुरालाई पर्खने कार्य मात्र हुन्छ ।
- यदि १० वर्ष सम्म सन्तान उत्पादन गर्न नसकेमा महिलाले श्रीमानसँगको एकलौटी सम्वन्धलाई त्याग्नु पर्छ । त्यसपछि परिवारको सदस्यतामा महिलालाई अपूर्णताको सृजना हुन्छ । जसले गर्दा महिलाले वहुविवाहको सिकार मात्र हुनु पर्ने होईन १० वर्ष भित्रमा सन्तान प्राप्ती गरिसक्नु पर्ने भएकाले आफ्नो व्यक्तित्व निर्माण गर्नु पर्ने नैसर्गिक अधिकारलाई कुण्ठित पारी वैवाहिक सम्वन्धसँग सम्झौता गर्नु पर्ने हुन्छ ।

विगतमा यस किसिमको अवस्था रहेपनि हालको देशको परिवर्तनले यी व्यवस्था र वाध्यताको अन्त्य भएको छ । सारमा के वुझ्न सकिन्छ भने देशमा ठूला-ठूला परिवर्तन भएपनि स- साना कुराहरु र व्यवहारमा परिवर्तन ल्याउन अँझै बाँकि नै छ । महिलाहरुलाई समानताको प्रत्याभूती आर्थिक समानता सहितको व्यवस्थाले मात्र दिन सक्छ ।

### २.१.९ महिला र अर्थव्यवस्था

विश्वका गरिव देशहरु मध्ये नेपाल एक हो । यहाँको प्रति व्यक्ति आय २८० अमेरिकी डलर छ । यसका साथै नेपाली ग्रामिण क्षेत्रका महिलाहरुको जीवन स्तर अत्यन्त दयनीय अवस्थामा छ । **नेपाल मानव विकास प्रतिवेदन २००९** मा उल्लेख भए अनुसार २००८ को नेपालको जीवनस्तर सर्वेक्षणले उत्पादनशिल श्रमशक्तिको दर  महिलाको लागि ६६ प्रतिसत र पुरुषका लागि ७५ प्रतिसत देखाईएको छ । यस प्रतिवेदनमा आर्थिक रुपमा सक्रिय महिलाहरु मध्ये जम्मा ४ प्रतिसत महिलाहरु मात्र औपचारिक क्षेत्रमा रोजगारी गर्छन । अधिकाँस महिलाहरु आफ्नै काममा र कृषि क्षेत्रमा सँलग्न छन् । जति पनि महिलाहरु गैह्र कृषि अथवा औपचारिक क्षेत्रमा कार्यरत छन तिनिहरु अधिकाँस कम उत्पादकत्व र कम मजदुरीमा सिमित छन् । **सन १९९७ मा डा. आचार्य मिनाले** तयार पारेको लैङ्गिक समानता र महिलाको सशक्तिकरण स्थिति प्रतिवेदनमा शहरी भेगका अंश संगठित क्षेत्रमा ७८ प्रतिसत मात्र ज्याला पाउने उल्लेख गरिएको छ ।

नेपाल मानव विकास **प्रतिवेदनमा** जनाए अनुसार भारतका विभिन्न शहर हरुमा १ लाख देखि २ लाख महिलाहरु यौन व्यापारमा संलग्न छन् र प्रति वर्ष ५००० नेपाली महिलाहरु यस्तो व्यवसायमा जाने गरेको अनुमान गरिएको छ । यस प्रतिवेदनका अनुसार ४.१ प्रतिसत महिलाहरु अर्ध वेरोजगार छन् । ७.३ प्रतिसत महिलाहरु नगद आउने काममा छन् । ६३ प्रतिसत महिलाहरु नगद नआउने कार्यमा संलग्न छन् । साथै कमलरीका रुपमा अर्काको घरमा वस्ने विशेष गरि मध्ये पश्चिम र सुदुर पश्चिमका थारु महिलाहरु श्रम र यौन शोषणमा पर्ने तथ्य उल्लेख गरिनेछ ।

अन्तत नेपाली महिलाहरु एक दिनको कम्तिमा ११ घण्टा काममा विताउछन् । तर पुरुषहरु ७.५ घण्टामात्र काम गर्छन् । सम्पुर्ण आयमा ५० प्रतिसत महिलाको योगदान छ । अतः महिलाहरुलाई हक अधिकार र सहभागितामा पछाडी पारिएको कारणले राष्ट्रिय उत्पादन, राष्ट्रको प्रतिष्ठा र राष्ट्रिय गौरवमा ह्रास भएको भन्नुमा अतियूक्ती नहोला । महात्मा गान्धी भन्दछन्, महिलालाई ‘अवला’ भन्नु तिनीहरुको आन्तरिक शक्तिलाई तिरस्कार गर्नु मात्र नभई अपमान गर्नु हो । राष्ट्रको गौरवका लागि तिनीहरुले मुहार फेर्न सक्छन् ।

### २.१.१०. महिला सशक्तिकरण

महिला सशक्तिकरण भन्नाले महिलाहरूमा अन्तनिर्हित सामर्थ्यको बोध हुन गई उनीहरू भित्र लुकेको ज्ञान, सीप र क्षमतालाई जनसमक्ष ल्याई विकास प्रक्रियामा पुरुष सरह समान रूपमा सहयोगी भई आफ्नो हक, हित र अधिकारका लागि समाजमा विद्यमान कुरीति र भेदभाव विरुद्ध लड्न सक्ने क्षमताको विकास हुनु नै महिला सशक्तिकरण हो । यो आफैमा स्वसिर्जित पनि हुन सक्छ अथवा संगठनात्मक कार्यशैलीको उपज पनि हुन सक्छ । महिला सशक्तिकरणको जन्म वास्तवमा महिलाहरूलाई विकास कार्यक्रममा सहभागी गराई पुरुषको वरावरीमा पुऱ्याउने उद्देश्य Women in Development Approach को असफलता पछि भएको हो । सशक्तिकरणलाई प्रत्यक्ष रूपमा यति भयो वा भएन भनेर परिमाणात्मक रूपमा देखाउन अत्यन्त कठिन छ । तापनि सशक्तिकरणसँग सम्बन्धित मापदण्डहरू निम्न लिखित हुन सक्दछन् जसका आधारमा सशक्तिकरण लेखाजोखा गर्न सकिने विश्वास रहदै आएको छ । क) शैक्षिक  ख) सामाजिक  ग) आर्थिक  घ) राजनीतिक, मनोवैज्ञानिक आदि रूपमा लैंगिक भेदभाव हटाउन सकिएमा मात्र सशक्तिकरणको असमानतालाई हटाउन सकिन्छ (श्रेष्ठ र अन्य, २०६६) ।

साहित्य समिक्षाको माध्यमबाट यो अनुसन्धान गर्नको लागि धेरै सन्दर्भहरुलाई अध्ययन तथा विश्लेषण गरिएका थिए । जुन अध्ययन विधी अपनाउन सहयोगी हुनेछ । अध्ययन प्रतिवदेनको निर्ष्कष सम्म पुगुन्जेल नमुना छनौट गर्न, अध्ययनलाई गुणात्मक बनाउन, प्रमुख समस्याको पहिचान गर्न, उपयूक्त शिर्षकको छनौट गर्न यो साहित्य समिक्षा सहयोगी भएको छ । यो आशा गरिएको छ की यस अध्ययनले नेपालका महिलाहरुको सामाजिक आर्थिक स्थितीका क्षेत्रमा गरिएको पहिलेको अध्ययनको सहयोगी हुनेछ ।

# अध्याय तीनः अध्ययन विधि

## ३.१ अध्ययन क्षेत्र छनोटको तार्किक आधार

यस अध्ययन क्षेत्र प्रदेश नं ३ को नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिका वडा नं. ९ मा पर्दछ । उक्त क्षेत्रलाई छनौट गर्नुको कारणहरु निम्न रहेका छन् ।

- यस क्षेत्र आफ्नो घरपायक पर्ने हुँदा वस्तुगत अध्ययन गर्न सजिलो तथा समय र खर्चको दृष्टिकोणले समेत सहुलियत पर्नाले ।
- अध्ययनमा सरलता र सूचनाहरु विश्वसनीय हुने विश्वासले नै यो अध्ययन क्षेत्र रोजिएको हो ।
- यस बेलकोटगढी नगरपालिका वडा नं. ९ का महिलाहरुको सामाजिक, आर्थिक अवस्था सम्वन्धि तथ्यहरु पत्ता लगाई उक्त क्षेत्रका महिलाहरुको सामाजिक, आर्थिक सम्वन्धि सकारात्मक सुझावहरु प्रवाह गर्नका लागि समेत यस क्षेत्रको छनौट गरिएको हो ।

## ३.२ अनुसन्धानको ढाँचा

यो अध्ययनको लागि अन्वेषणात्मक र  वर्णनात्मक ढाँचा अपानाइने छ । गुणात्मक र परिणात्मक तथ्याङ्क र सुचना संकलन गरिने छ । प्रस्तुत अनुसन्धानको लागि अन्वेषणात्मक र वर्णनात्मक अनुसन्धान ढाँचा, तथ्याङ्कको प्रकृति र अध्ययनको उद्देश्यको आधारमा छनोट गरिएको थियो ।

## ३.३ समग्रता र नमूना आकार

नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिका वडा नं. ९ मा वसोवास गर्ने मानिसहरु विविध जाती, भाषा, धर्म, पेशा, र साँस्कृतिक र आर्थिक  स्तरका  छन् । यस वडा अनुसार जम्मा जनसंख्या २८७० छ । जस्मा १४७२ महिला र १३९८ पुरुष छन् । जम्मा ९५२ घर धुरी रहेकोमा २० देखि ७० वर्ष उमेरका जम्मा ३० जना महिला विभिन्न धर्म, जाति र उमेर समुहका महिलाको प्रतिनिधित्व हुने गरि सम्भाव्यतायुक्त नमुना छनोट बाट अध्ययनको लागि नमुना लिइएको थियो ।

## ३.४ तथ्यांक संकलनको स्रोत तथा प्रकृति

यो अध्ययन मुख्यतया प्राथमिक तथ्याङ्कमा आधारित हुनेछ । प्राथमिक तथ्याङ्कहरु आफैले अध्ययन क्षेत्रबाट कार्यक्षेत्र अध्ययन गरेर संकलन गरिएको छ । यसका साथै आवश्यकता  अनुसार द्धितीय तथ्यांकलाई पनि सुहाउँदो ठाँउमा प्रयोग गरिएको छ । द्धितीय तथ्यांकहरु विभिन्न प्रकासित अप्रकासित

सामाग्री र पुस्तकहरु प्रतिवेदनहरु तथा जर्नलहरु लेख रचना र सरकारी तथा गैह्रसरकारी कागज पत्रहरुवाट सूचनाहरु साथै तथ्यांक विभाग, नापि विभाग र गाउँपालिकाको कार्यालयमा उपलब्ध भएका तथ्यांकहरु र पत्रपत्रिका एवं समाजशास्त्र संकायका शिक्षकहरुको सुझावलाई समेत लिईएको छ। यस अध्ययनको उद्देश्य र अनुसन्धान प्रश्नहरुको आधारमा गुणात्मक र परिणात्मक तथ्याङ्क संकलन गरिएको छ ।

### ३ .५ तथ्याक संकलन पद्वति

यो अध्ययनमा निम्नानुसारका तथ्याङ्क सङ्कलन पद्वति अपनाईएको छ।

#### ३.५.१ अन्तरवार्ता

यो पद्वति लक्षित जनसँख्याबाट स्तरीय जानकारीहरु सङ्कलन गर्न प्रयोग गरिएको थियो । अन्तरवार्तामा २० वर्ष देखि ७० वर्षका महिलाहरुको शिक्षा, पेसा, पारीवारिक आय स्रोत, परिवारको आयको आकार आदि जस्ता धेरै सूचनाहरु सङ्कलन गर्न प्रश्नानली निर्माण गरी अन्तरवार्ताको माध्यम बाट तथ्याङ्क संकलन गरिएको छ ।

#### ३.५.२ अवलोकन

अनुसन्धानका प्रमुख साधनहरुमध्ये अवलोकन एक हो । सामाजिक अनुसन्धाानका लागि अवलोकन गरी स्तरीय जानकारीहरु प्राप्त गरिन्छ। सामाजिक दृश्यहरुलाई आँखामा कैद गरी शब्द संयोजन गरिने (यसको मतलब अवलोकन गर्ने) साथै घरहरुको बनोट, सामाजिक क्षेत्र, आर्थिक पाटो साथै जन्म संस्कार, महिलाहरुको प्रयोग हुने गरगहना लगाएर सांस्कृतिक समारोह तथा पर्वहरुको प्रत्यक्ष अवलोकन गरिन्छ।

यस पद्धती मार्फत तथ्याङ्क संकलन गर्दा उत्तरदाताको स्पष्ट देखिने सुचनाहरू परिवारिक कियाकलाप ,घरको वनावट ,उत्तरदाताको व्यवहार , कियाकलाप हाउभाउ ,उत्तरदिने शैली , उत्तर दिदाका बखतको उत्तरदाताको अनुहार जस्ता कुराहरूको आधारमा उत्तरको सत्यता र महिलाहरूको मनोवैज्ञानिक पक्षलाई नजिकबाट प्रत्यक्ष रूपमा सहभागी भएर वा अप्रत्यक्ष रूपमा सहभागी नभईकन अवलोकन गर्दा उक्त क्षेत्रका महिलाहरूको आर्थिक, सामाजिक तथा शैक्षिक स्थितिको बारेमा बुझ्न सजिलो भएको थियो।

### ३.५.३ विषयवस्तु विश्लेषण

यो अध्ययनको लागि केही आवश्यक तथ्याङ्कहरु द्धितिय स्रोतबाट लिइएको छ । यसको लागि विषयवस्तु विश्लेषण पद्धति अपनाइएको छ । अनुसन्धानदाताले विभिन्न सरकारी र गैर सरकारी संस्थाका प्रतिवेदन जर्नल, आदिबाट द्धितिय तथ्याङ्कहरु संकलन गर्न सकिन्छ । यो विधिको प्रयोग तथ्याङ्कको प्रकृति र अनुसन्धानको उद्देश्य अनुरुप गरिएको छ ।

### ३.५.४ प्रमुख पात्रहरुसँग अन्तरवार्ता

गहिराइमा पुगेर सही सूचनाहरु लिनका लागि स्थानीय नेता, शिक्षक, सामाजिक कार्यकर्ता ,सरकारी तथा गैह्रसरकारी संघ सँस्थाका प्रतिनिधिहरुको छनोट गरि अन्तरवार्ता लिई उहाँहरुको भनाईलाई विशेष कोड गरी प्राप्त तथ्याङ्कलाई प्रमाणित गर्न सकिन्छ ।

## ३.६ तथ्याङ्क प्रशोधन तथा विश्लेषण

विभिन्न विधिहरुवाट संकलन गरिएका तथ्याँकहरुलाई वर्णनात्मक विधिवाट व्याख्या गरिएको छ । त्यसपछि शिक्षा, पेसा, उमेर आदिमा छुट्याइ त्यसैबाट महिलाका सामाजिक तथा आर्थिक क्रियाकलापलाईं वर्णनात्मक विधिवाट व्याख्या गरिएको छ ।

## ३.७ तथ्याङ्कको वैधता र विश्वासनियता

संकलित तथ्याङ्क हरुलाई तथ्याङ्क शास्त्रीय विधिवाट परिक्षण गरिएको छ । योजनावद्ध र होसियारीका साथ प्रयोग गरिएका अन्तरवार्ता, प्रश्नावली र अवलोकनबाट प्राप्त नतिजाहरु लाई तर्कपूर्णरुपमा सत्यतासँग जाँच गरिएको छ । तथ्याङ्कहरु सोधकर्ता आफै कार्यक्षेत्रमा गएर पूर्वतयारी प्रश्नावलीका साथ तथ्याङ्कहरु संकलन गरिएको छ ।

## ३.८ अध्ययनको सिमा

यो अध्ययन नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिका वडा नं. ९ का महिलाहरुको सामाजिक र आर्थिक अवस्थाको विश्लेषणका लागि मात्र गरिएको छ । यो अध्ययन क्षेत्रलाई देशका अरु क्षेत्रसँग सम्पूर्णरुपमा दाँज्न सकिदैन । तसर्थ यस अध्ययनले अन्य क्षेत्रलाई समेट्न सक्दैन । यो सामाजिक र आर्थिक अवस्थाको मात्र चित्रण गरिने हुदाँ. यसले राजनीति लगायतका अन्य क्षेत्रलाई समेट्न सकेको छैन ।

# अध्याय चार : महिलाहरूको सामाजिक, आर्थिक विशेषता

महिला तथा तिनीहरूका परिवारको सामान्य परिचय अनुससन्धान प्रतिवेदनको यस भागमा अनुसन्धानको निमित्त अध्ययन क्षेत्रबाट नमूनाको रूपमा छनौट भएका उत्तरदाता महिला र तिनीहरूका परिवारको जनसांखिक, सामाजिक, आर्थिक  अवस्थाका बारेमा सामान्य परिचय प्रस्तुत गरिएको छ ।

अध्ययन क्षेत्रबाट नमूनाको रूपमा चयन भएका ३० वटा परिवारमा कूल जनसंख्या १५२ रहेको छ । जसमध्ये पुरुषको जनसंख्या ८१ तथा महिलाको जनसंख्या ७१ रहेको छ । छनौट भएका महिलाहरू बाट संकलन गरिएका तथ्यांकहरूलाई उनिहरूको उमेर, शिक्षा, वैवाहिक स्थिति, परिवारको आकार परिवारको संरचना सम्बन्धि अध्ययन गरिएको छ ।

### ४.१.१ जातिगत आधारमा महिलाको जनसांखिक विवरण

यस अध्ययन क्षेत्रमा विभिन्न जातजातिहरूको बसोबास रहेको छ । नमूना छनौट गर्ने क्रममा अनुसन्धानको निमित्त छनौट भएको यस क्षेत्रका सबै जातजातिहरूको उद्देश्यमूलक ढंगले प्रतिनिधित्व गराइएको छ । अनुसन्धानको निमित्त छनौट भएका उत्तरदाता परिवारको जनसंख्या जातिगत रूपमा निम्नानुसार रहेको छ ।

**तालिका नं. १: जातिगत आधारमा उत्तरदाता महिलाको विवरण**

| जातजाति | महिलाको संख्या | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| ब्राम्हण | २१ | ७० |
| तामाङ्ग | ९ | ३० |
| जम्मा | ३० | १०० |

*श्रोत : फिल्ड सर्भे, २०७४*

तालिका १ अनुसार सम्पूर्ण ३० महिलाहरू मध्ये सबैभन्दा बढी २१ जना वा ७० प्रतिशत ब्राम्म्मण जातिको जनसंख्या रहेको छ । त्यसपछि तामाङ्ग जातिको ९ जना वा ३० प्रतिशत महिला संख्या रहन गएको छ । यसरी हेर्दा यस तालिकामा ब्राम्ह्रण जातिको महिला संख्या अन्य जातिको भन्दा

बढी देखियो । यस क्षेत्रमा ब्राम्हण जातिको बाहुल्यता बढी छ । यसो हुनुको प्रमुख कारण अध्ययन क्षेत्र ब्राम्ह्ण समुदाय हो यहाँ अन्य जातिको तुलनामा तामाङ्गहरूको बाहुल्यता बढी छ ।

### ४.१.२ उमेरको आधारमा जनसंख्याको विवरण

उमेर एउटा महत्वपूर्ण जानसंख्यकीय विशेषता हो । उमेरले नै विभिन्न प्रकारका काम र काम गर्ने समयमा मानिसहरूलाई प्रभाव पार्दछ । कार्य तथा निर्णय प्रंक्रियामा संलग्न हुनका लागि उमेर अति महत्वपूर्ण तत्व हो । यस अध्ययनमा २० वर्ष भन्दा मुनिका महिलाहरूलाई सहभागि गराईएको छैन । अध्ययन क्षेत्रका महिलाहरूको उमेरगत अवस्थालाई तलका तालिकामा देखाइएको छ ।

**तालिका नं २ : उमेरको आधारमा महिलाको उत्तरदाता जनसांखिक विवरण**

| सिनं | उमेर | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २०देखि ३०वर्ष सम्म | १० | ३३ |
| २ | ३१ देखि ५० वर्ष सम्म | १० | ३३ |
| ३ | ५१ वर्ष भन्दा माथि | १० | ३३ |
| | जम्मा | ३० | १०० |

*स्रोत :फिल्ड सर्वे २०७४*

अध्ययनमा सहभागि महिलाहरूमा हरेक उमेरका महिलाहरू बराबर संख्यामा लिइएको प्रमुख कारण हरेक उमेरका महिलाहरूको घरको जिम्मेवारीमा महत्वपूर्ण भूमीका निर्वाह गरि रहेका र उमेर अनुसार महिलाहरुमा आउने सामाजिक र आर्थिक परिवर्तनलाई अध्ययनको विषय बनाइएको हुनाले पनि सबै उमेरका महिलाहरुको बराबर सहभागितालाई जोड दिएको हुनाले अध्ययनको मर्म अनुसार अन्तरवार्तामा सामेल भएका छन् । यस अध्ययनमा २०देखि ३० वर्षका १० जना ३१ देखि ५० वर्षका १० जना ५० देखि ७० वर्षका १० जना गरी अविवाहित र अध्ययनरत, विवाहित  साथै वृद्धाअवस्थामा रहेका महिला गरि सबै प्रकृतिका महिलाहरुको सहभागि गराइएको छ । जसले गर्दा हरेक उमेर समुहका महिलाहरुका विचारको विश्लेषण गर्दै सामाजिक र आर्थिक परिवर्तनलाई  अध्ययन गरिएको छ ।

### ४.१.३ धर्मको आधारमा जनसंख्याको विवरण

नेपाल विगतमा हिन्दु धर्म सापेक्ष देश भएपनि हाल धर्म निरीपेक्ष देश घोषणा भई सकेको छ । कुनैवेला बौद्ध सत प्रतिसत हिन्दुहरूको बसोबास रहेको यस क्षेत्रमा रसुवा जिल्लावाट आएका तामाङ जातिका धर्मालम्बीहरू वस्छन् । अध्ययन क्षेत्रका महिलाहरूको धार्मिक अवस्था निम्नानुसार रहेको छ ।

**तालिका नं ३ : धर्मको आधारमा उत्तरदाता महिलाको जनसांखिक विवरण**

| सि नं | धर्म | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | २१ | ७० |
| २ | बौद्ध | ९ | ३० |
| | जम्मा | ३० | १०० |

*स्रोत: फिल्ड सर्वे २०७४*

माथिको तालिकाले हिन्दु धर्मालम्वीहरूको संख्या धेरै देखिएको छ । वौद्ध धर्मालम्वीहरू ९% रहेका छ । अध्ययनको लागि लिइएको संख्यामा हिन्दुहरूको संख्या ७० % रहेको छ । ३० प्रतिसत वौद्धहरू देखिनु भनेको यस अध्ययन क्षेत्रमा अन्य धर्मालम्वीहरूको बसोबास राम्रै रहेको देखिन्छ ।

### ४.१.४ भाषाको आधारमा जनसंख्याको विवरण

नेपाल वहुभाषिक देश हो । हाम्रो देशमा विभिन्न भाषाहरु बोलिन्छ तर सरकारी कामकाजको भाषाका रूपमा नेपाली भाषा रहेको छ । केही मानिसहरू अन्य भाषा बोल्दछन् । अध्ययनमा सहभागि महिलाहरूको भाषिक वर्गिकरण तलको तालिकावाट प्रष्ट हुन्छ ।

**तालिका नं ४ : भाषाको आधारमा उत्तरदाता जनसांखिक विवरण**

| सि नं | मातृभाषा | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | नेपाली भाषा | २१ | ७० |
| २ | तामाङ्ग भाषा | ९ | ३० |
| | जम्मा | ३० | १०० % |

*स्रोत : फिल्ड सर्वे २०७४*

बौद्धधर्म मान्ने तामाङ्गहरुले आफ्नो भातृभाषा तामाङ्ग बताए अनुसार अध्ययन गरिएका मध्ये ३० प्रतिशतले तामाङ्ग भाषा बोल्दछन् तर खासमा व्यवहारमा तामाङ्गहरु पनि नेपाली भाषा नै बढि बोलेको पाइन्छ ।

### ४.१.५ शिक्षाको आधारमा महिलाको विवरण

बहुसंख्यक नेपाली महिलाहरू निरक्षर छन् । नेपालमा (रा.ज.ग. २०६८) को तथ्याङ्कलाई हेर्दा ५७.४ % महिलाहरू साक्षार छन् । जबकि ७५.१ % पुरूषहरू साक्षार छन् । महिलाहरूको सामाजिक आर्थिक अवस्था दयनीय हुनुको प्रमुख कारण भनेको निरक्षरता नै हो । समाज परिवर्तनको एक मुख्य मेरुदण्डहरूमध्ये शिक्षा पनि एक हो । मानिसको चेतना स्तरमा वृद्धि हुनु भनेको शिक्षा वा ज्ञानको प्राप्ती नै हो । सामाजिक जिवनलाई सहज बनाउन व्यक्ति तथा समाजमा र अन्य समाजसम्म अन्तरक्रिया गर्न विभिन्न खाले स्रोतहरूको परिचालन गर्न शिक्षाले ठूलो भूमीका खेलेको हुन्छ । शिक्षा भने कुनै दैवि वा अदृश्य शक्तीबाट बनेको वा सिर्जना भएको हुँदैन । यो त केवल सामाजिक सदस्यहरूको चिन्तन मनन, जीवन भोगाई र समाजको सुक्ष्म अध्ययनको परिणाम हो । कुनै पनि समाजको समुदायको जीवनशैली कस्तो छ ? भन्ने वितिकै त्यहाँका सदस्यहरूको शैक्षिकस्तर खोजिन्छ । त्यसैले विकसीत वा अल्पविकसित समाजको मापदण्डको रूपमा शिक्षालाई लिने गरिएको छ । झन महिलालाई पुरुष सरह समाजमा स्थापित गराउन मुख्यतया उनीहरूको शिक्षालाई जोड दिनुपर्दछ । अध्ययन क्षेत्रका महिलाहरूको शैक्षिक अवस्था तलको तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका नं. ५ : शिक्षाको आधारमा उत्तरदाता महिलाको विवरण**

| सि.नं. | शिक्षा | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | एस.एल.सी. माथि | ६ | २० |
| २ | एस.एल.सी. | २ | ७ |
| ३ | साक्षार | ११ | ३७ |
| ४ | निरक्षर | ११ | ३७ |
| | जम्मा | ३० | १०० |

*स्रोत : फिल्ड सर्वे २०७४*

यो तालिकाले अध्ययनमा सहभागी महिलाहरू निरक्षर र साक्षर महिलाहरु दुबै ३७ % रहेको बताउछ । यस तथ्याङ्कले यस वडाका महिलाहरूको शैक्षिक अवस्था अरू खराव रहेको देखाउछ । ३७ % महिलाहरू निरक्षर हुनुको पछाडी उनिहरूमा अनौपचारीक शिक्षाका कार्यक्रमहरूको प्रभाव पनि नपरेको पाइयो । विद्यालयमा गएका छोरीहरू पनि ठूलो संख्यामा अनूतीर्ण हुने र विद्यालय छोड्ने गरेको गुनासो यी महिलाहरूको छ । चुलो चौको घाँस दाउरा र खेतीको कार्यमा संलग्न रहने यी महिलाहरू इच्छा हुँदा हँदै पनि पढ्न नसकेको वताउछन् । केवल २०% मात्र एस एल सी भन्दा माथि र ७% ले मात्र एस एल सी उतीर्ण गरेको पाइयो । यस तथ्याङ्कले छोरीको शिक्षा प्रति सरोकारवालाको ध्यान नगएको पाईयो । यसरी निरक्षरहरूको संख्या बढ्नु भनेको उक्त क्षेत्रका महिलाहरू अझ पनि चुलोचौका, खेतबारी, बच्चाको हेरचाह आदिमा नै समिति हुनु हो । जसले गर्दा महिलाहरूको स्तर माथि उठ्न नसकेको हो ।

### ४.१.६ महिलाहरुको शिक्षा प्रभावकारी कसरी बनाउने भन्ने विषयप्रतिको धारणा सम्बन्धि विवरण

महिलाहरुको शिक्षा प्रभावकारी कसरी बनाउन सकिन्छ ? भन्ने प्रश्नमा उनीहरूको जवाफहरुलाई यसरी बुदाँगत प्रस्तुत गर्न सकिन्छ ।

१. प्रौढ शिक्षा लगायतका अनौपचारिक शिक्षाका कक्षाहरु सञ्चालन गर्नु पर्ने ।

२. पढ्ने अवसर दिनुपर्छ ।

३. छोरा र छोरीलाई विना भेदभाव शिक्षाको अवसर दिनुपर्दछ ।

४. विभिन्न तालिम लगायतका जनचेतनात्मक कार्यक्रमहरु संचालन गर्नुपर्दछ ।

यसरी आएका विचारहरु विश्लेषण गर्नु पर्दा सहभागी जुनसुकै उमेर समुहका भएपनि समायानुसार उनीहरुमा शिक्षाप्रतिको अवधारणामा व्यापक परिवर्तन आएको देख्न सकिन्छ । आफू निरक्षर अर्थात शिक्षा लिन नपाएका बृद्ध महिला पनि छोरीलाई शिक्षा दिनुपर्ने कुरामा जोड दिइएको पाइयो ।

### ४.१.७ परिवारको मुख्य आम्दानीको आधारमा महिलाका परिवारको विवरण

आर्थिक पक्ष अन्तगर्त अध्ययन क्षेत्रका महिलाहरूको परिवारको पेशा, महिलाको जमिनमा स्वामित्व, दाइजो वा पेवा र ऋण लिने गरेको नगरेको बारेमा अध्ययन गरिएको थियो । ८१ प्रतिसत नेपालीहरूको प्रमुख आम्दानीको स्रोत खेतीपाती नै रहेको सन्दर्भमा अध्ययन क्षेत्रमा पनि अर्को

परिस्थिती छैन । साथै कतिपय महिलाहरूका परिवारको प्रमुख आम्दानीको स्रोत व्यापार नोकरी र ज्याला मजदुरी रहेको पाइएको छ । जुन कुरा तलको तालिका बाट प्रष्ट हुन्छ ।

**तालिका नं ६: परिवारको मुख्य आम्दानीको आधारमा उत्तरदाता महिलाका परिवारको विवरण**

| सिनं | पेसा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | २१ | ७१ |
| २ | कृषि र नोकरी | ४ | १३ |
| ३ | कृषि ,नोकरी र अन्य | १ | ३ |
| ४ | कृषि ,नोकरी ,व्यापार र अन्य | १ | ३ |
| ५ | कृषि र अन्य | ३ | १० |
| | जम्मा | ३० | १०० |

*स्रोत : फिल्ड सर्वे २०७४*

यस क्षेत्रका महिलाहरू खेतीपातीमा नै संलग्न रहेको कुरा तालिका नं ६ वाट स्पष्ट भईसकेको छ । तर यस तालिकामा परिवारको मुख्य आम्दानी खेतीवाट संगसंगै अन्य क्षेत्रमा पनि बढ्दै गएको छ । यसको अर्थ कतिपय महिलाहरू आफु खेतीमा संलग्न रहेपनि निजका परिवारका पुरूषहरू व्यापार वा नोकरीमा लागेका हुन्छन् । खेतीवाट भन्दा त्यो परिवारमा अन्यत्र वाट वढि आम्दानी हुन्छ भन्ने तथ्य यसले देखाउछ । त्यसकारण प्रमुख आम्दानी खेतीवाट हूने ७१ % महिलाहरू छन् । त्यस्तै कृषि संगसंगै नोकरी वाट आम्दानी गर्ने महिलाहरूको परिवार १३ % छन् भने कृषि र अन्य(नोकरी र व्यापार) बाट आम्दानी गर्ने १० % र कृषि,नोकरी र व्यापारवाट आम्दानी हुने ३ प्रतिसत महिलाका परिवारहरू छन् । आम्दानीलाई मुख्य आधार मान्ने हो भने यहाँ कृषिमै महिलाको परिवार संख्या अधिक रहेको पाईन्छ ।

### ४.१.८ जमिनको स्वामित्वको आधारमा महिलाको विवरण

अधिकांश मानिसहरूको आम्दानीको स्रोत कृषि नै भएको सन्दर्भमा कृषि उत्पादन हुने जमिनमा कस्को स्वामित्व छ भन्ने कुराले महत्व राख्दछ । महिलाको नाममा जग्गाको स्वामित्व नहुने भएकाले परिवारमा उनिहरूको अवस्था कमजोर हुन जान्छ । अध्ययन क्षेत्रका महिलाहरूको् जमिनमाथिको स्वामित्व यस प्रकार रहेको छ ।

**तालिका नं ७ : जमिनको स्वामित्वको आधारमा उत्तरदाता महिलाको विवरण**

| सि नं | जमिनको स्वामित्व छ , छैन ? | सङ्ख्या | प्रतिसत |
|---|---|---|---|
| १ | छ | ४ | १३ |
| २ | छैन | २६ | ८७ |
| | जम्मा | ३० | १०० |

*स्रोत : फिल्ड सर्वे २०७४*

अध्ययन क्षेत्रका लगभग ८७ % महिलाहरूका नाममा जग्गाको स्वामित्व छैन भन्ने जवाफ आयो । तिनीहरूको परिवारमा निर्णयक भुमिका नरहेको पाइयो भने १३ प्रतिशत महिलाहरूसँग मात्र जमिनको स्वामित्व रहेको देखियो । तिनीहरूका घरपरिवारमा राम्रो अवस्था देखियो । कतिपयले आफ्नो नाममा जग्गा भएकोमा गर्व गरे । यस तथ्याङ्कबाट के देखियो भने कृषि उत्पादनको महत्वपूर्ण जिम्मेवारी लिएका महिलाहरूको नाममा जमिनको स्वामित्व रहनु पर्ने अनिवार्य जस्तै देखियो ।

### ४.१.९ महिलाहरूसँग व्यक्तिगत सम्पति - दाइजो वा पेवा को आधारमा उत्तरदाता महिलाको विवरण

विवाह हुँदा महिलाले माईतीवाट दानकारूपमा प्राप्त भई आफ्नो साथमा लिएर जाने सम्पतिलाई दाइजो भनिन्छ भने विवाह पूर्व वा पछि आफ्नो छुट्टै स्वामित्वहुने गरि कमाइएको वा प्राप्त गरिएको सम्पतिलाई पेवा भनिन्छ । नेपालको पूर्वि तराइमा दाहिजो प्रथा सारै विकृत वनेर आएको छ । दाहिजो कै कारण कतिपय महिलाको विहे हुन सकिरहेको छैन । (उदाहरणको रूपमा नेपालगंज नगर पालिका वस्ने हास्नुन सिद्धिकी लाई कम दाइजो ल्याएको भन्ने आरोपमा जिउँदै मट्टी तेल शरिरमा खन्याएर आगो लगाएको घट्ना जुन जिल्ला अदालत बाँकेमा विचाराधिन छ) (२०६७ कार्तिक २७ गते, कान्तिपुर पत्रिका) । भने कतिपयको विहे पछि पनि कम दाइजो ल्याएको भनि पिडित हुन्छन् । साथै दाइजो प्रथा घरेलु हिंसाको एक प्रमुख कारण भएको छ ।

अध्ययन क्षेत्रमा दाहिजो प्रथा विकृत छैन बरू एउटा विशिष्ठ सँस्कृति र परम्परागत मूल्य र मान्यतालाई निरन्तरता दिइएको छ । यहाँ दाइजो भन्नासाथ विहे गर्दा बेहुलीको साथमा दिइने एकसरो साधनहरू :- जस्तै : भाँडाकुँडा (हुड्डा, खड्कुला, थाल, गिलास, लुगा फाटो ओड्ने ओछ्याउने आदि) तथा लगाउने कपडाहरू ,पशुवस्तुहरू -गाई भैंसी ,घोडा आदि लाई वुझिन्छ । यस प्रकारका सर समानहरू स्वेच्छिक मात्र हुन्छन् । सामाजिक प्रतिष्ठा वाहेक यहाँ दाइजोले कुनै महत्व राख्दैन । दाइजो

दिएर दुलाह पक्षलाई खुसी पार्नु भन्दा लाडु र अर्सा (महमा मुछेर घिउमा पकाएको मिठाई) टक्रयाएर दुलही पक्षलाई खुसी पार्नु यहाँको विशेषता हो । तर पनि संचार र यातायातको विकासले यी परम्परामा केही प्रभाव भने परेकै देखिन्छ तर यहाँ सहभागि महिलाहरूसँग दाइजो पेवाको स्थिति के छ ? भनि सोधिएकोमा दाइजो वा पेवा छैन भन्नेको संख्या नै शत प्रतिसत देखियो ।

**४.१.१० वैवाहिक अवस्थाको आधारमा जनसंख्याको विवरण**

यस अध्याय अन्तर्गत बेलकोटगढी नगरपालिका वडा नं. ९ मा बस्ने छनौट हुन आएका ३० घर परिवारमा महिलाको सामाजिक र आर्थिक अवस्थामा आएको परिवर्तनलाई विश्लेषण गर्दा सामाजिक पक्षको विश्लेषण गर्नु अति आवश्यक हुने हुदाँ यहाँ केही सामाजिक पक्षहरुको विश्लेषण गरिएको छ । महिलाहरूको सामाजिक अवस्था र आर्थिक अवस्थालाई विवाहले पनि महत्वपूर्ण भूमीका निर्वाह गर्दछ । छिटो विवाह नेपालीहरूको विशेषता भित्र पर्दछ । विवाहले नै छोरीहरू वुहारीमा परिवर्तन हुन्छन् । अधिकाँस नेपाली महिलाहरू २० वर्ष मुनि विवाह गर्छन् । तर अध्ययन क्षेत्रमा १४ वर्ष मुनि विवाह गर्ने महिलाहरूको संख्या पनि भेटियो । विवाहका रोचक तथ्याङ्कहरू तलको तालिकाले प्रष्ट पार्दछ ।

**तालिका नं ८ : वैवाहिक उमेरको आधारमा उत्तरदाता जनसंख्याको विवरण**

| सि नं | सहभागी महिलाहरूले विवाह गरेको उमेर | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १४ वर्ष भन्दा मुनि ,, | ५ | १८ |
| २ | १५ देखि २० वर्ष भित्र ,, | २० | ७१ |
| ३ | २१ देखि २४वर्ष भित्र ,, | ३ | ११ |
| | जम्मा | २८ | १०० |

*स्रोत :फिल्ड सर्भे २०७४*

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका महिलाहरू मध्ये ७१.८५% ले १५ देखि २० वर्षको उमेरमा विवाह गरेको पाईयो । तर कानुनले नै वर्जित गरेको १४ वर्ष मुनिका १७.८५% महिलाहरू विवाह गरेको तथ्याङ्क अस्वभाविक लाग्यो । उनिहरूका अनुसार छोरीहरू रजस्वला हुनु भन्दा पहिले नै कन्यादान गरिदिदा पूर्ण मिल्छ भन्ने धार्मिक आदर्श रहेछ । तर अव त्यो मान्यता गई सक्यो भन्ने तर्क ती महिलाहरूको छ । यो विवाह ठिक थियो भन्ने एकाध महिलाहरू भेटिए पनि अधिकांस महिलाहरूले त्यस उमेरमा विवाह गरेको मा पश्चाताप नै व्यक्त गरे ।

२१ देखि २४ वर्ष वीचमा विवाह गर्ने महिलाहरू १०.७१ % भेटिए । आधुनिक शिक्षा र संचारको विकासले यो उल्लेखनीय प्रगति भएको देखियो । ढिलो विवाह प्रतिको आकर्षण वढेको पाईयो । त्यस्तै २५ वर्ष भन्दा माथि विवाह गर्नेहरू भेटिएन ।

छिटो विवाहका कारण बढी सन्तान जन्मेको र आमा र बच्चाको स्वास्थ्य कमजोर भएको भन्ने दुखेसो धेरै सुनियो । असहभागी अवलोकनमा छिटो विवाहका कारण सम्वन्ध विच्छेदका घटनाहरू वढेको देखियो । अन्तरवार्ताका क्रममा छिटो विवाह गरेका महिलाहरू लाज मान्ने संकुचित देखियो भने ढिलो विवाह गरेकाहरू फराकिला र फरासिला पाईयो ।

### ४.१.११ विवाहका वारेमा निर्णयको आधारमा महिलाको विवरण

महिलाको भावि जीवन वन्न र विग्रन विवाह महत्वपूर्ण तत्व हो । तर विवाह कहिले गर्ने ? किन गर्ने ? को सित गर्ने ? भन्ने निर्णयमा महिलाहरू आफै पुग्न नपाउनु नेपाली महिलाहरूको परम्परा हो । आफ्नी छोरीहरूको विवाह राम्रै घरमा गरिदिने कर्तव्य वुझेका वावु आमाहरूले छोरीकालागि राम्रै घर त हेर्न सक्लान् तर राम्रो वर हेर्न के गर्लान् ? हुनत भाग्यवादमा विश्वास गर्ने यस समाजमा राम्रो र नराम्रो वर वा घर पर्नु लाई छोरीको भाग्य सँग जोडिन्छ । तथापी आफ्ना आमा बाबा भन्दा इष्ट मित्र र अन्य ठालु भलादमीहरूले पनि विवाहको निर्णय गरि दिएका थुप्रै सदृष्टान्तहरू यस समाजमा पाईने र यसरी गरिएको विवाहले आफ्नो भाग्य भन्दा पनि अरूकै भाग्य सप्रेको तितो सत्य अध्ययन क्षेत्रमा यस्तो भेटियो । जुन तालिकामा निम्न अनुसार देखाइएको छ ।

**तालिका नं ९ : विवाहका वारेमा निर्णयको आधारमा उत्तरदाता महिलाको विवरण**

| सि नं | विवाहको निर्णय कसले गऱ्यो | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बाबु, आमा र नातेदारले | २४ | ८० |
| २ | केटी आफैले | ६ | २० |
| | जम्मा | ३० | १०० |

*स्रोत : फिल्ड सर्भे २०७४*

यस तालिकाले वडा न ९ का छानीएका ३० मध्ये जम्मा २० % महिलाहरूले आफ्नो विवाहको निर्णय आफै गरेको पाइयो । पर संस्कृतिग्रहण गर्ने दर विगतका केहि वर्ष यता यो दर विस्तारै बृद्धि भएको देखिन्छ । विभिन्न खाले फिल्म, टेलिभिजनमा देखाइने धारावाहिक अधिकार मुखि सँघसंस्थाका

कार्यक्रम, महिलाका विभिन्न खाले समूह र विभिन्न खाले आन्दोलन, विश्वव्यापीकरणका प्रभाव तथा शिक्षामा महिलाको पहुँचले गर्दा महिलाको आफ्नो निर्णय आफैले गर्न सक्षम भएका हुन । आत्म निर्णयको अधिकार यति धेरै महिलाहरूले प्राप्त गरेको तथ्याङ्क सन्तोषजनक नै मान्नु पर्छ । तर आफ्नो जीवनको सवै भन्दा महत्वपूर्ण मानिने विवाह जस्तो कार्यमा पनि आधा भन्दा केही कम महिलाहरूले निर्णय आफै गर्न नपाएको दुखद समचार यस तथ्याङ्कले देखाऊँछ । तथ्याङ्कले ८० % महिलाहरूको भाग्य र भविष्यको फैसला तिनीहरूका वा आमा र नातेदारहरूले गर्दा रहेछन् तर समयको परिवर्तन सगै अव यस वारे महिलाहरूमा सचेतता आई सकेको कुरा असहभागि अवलोकन र छलफलवाट थाहा पाइयो ।

### ४.१.१२ सहभागीमा छोरीको विवाहका प्रतिको दृष्टिकोणको आधारमा महिलाको विवरण

आफ्नो उमेर नपुगि विवाह भएका अधिकाँस महिलाहरू पछुताएको र आफुले ठिक समयमा विवाह गरेका कारण जीवनमा राम्रै भएको र आफ्ना छोरा छोरीहरूकालाई पनि परिपक्व उमेरमा विवाहगर्ने धारणा सहभागि महिलाहरूले व्यक्त गरे ।

अध्ययन क्षेत्रका अधिकाँस महिलाहरू आफनी छोरीहरूको विवाह २० वर्ष पुरा भैसकेपछि मात्र नै गर्न चाहन्छन् किन भनेर प्रश्न गर्दा उनिहरूको तर्क छ , “सरकारले पनि त्यही उमेरमा विवाह गर भनि कानून वनाई सक्यो त्यो भन्दा मुनि गर्ने कुरा भएन त्यस उमेर भन्दा माथि विवाह गर्दा छोरीको जात माइतीमा धेरै राख्नु हुँदैन ।” यसवाट के कुरा प्रष्ट हून्छ भने अध्ययन क्षेत्रका महिलाहरू कानुनी रूपमा पनि सचेत भईसकेका रहेछन् । आफूले सानै उमेरमा विवाह गरेपनि आफ्ना छोरीहरुको विवाह २० वर्ष भन्दा पछि गर्नुपर्छ भन्ने विषयमा आफ्ना भोगाइबाट सिकिसकेको भन्दछन् सबै सहभागीहरु । महिलाहरूमा विवाह सम्वन्धि सचेतनामा विकास भएपछि मात्र विवाह गरिदिदा उनीहरुको जिन्दगी सुख र खुसीपूर्ण हुन्छ भन्ने विचार सहभागीहरुको पाइयो ।

### ४.१.१३ पारिवारिक संरचनाको आधारमा महिलाको विवरण

पारिवारिक संरचनाले पनि महिलाहरूको अवस्थामा प्रभाव पारेको हुन्छ । गरिबी र मानसिक तनाव एवं कलह अथवा शान्तिपूर्ण अवस्थाहरूको सिर्जनामा पारिवारिक संरचनाले महत्वपूवर्ण भुमिका खेलेको हुन्छ । अध्ययन क्षेत्रका महिलाहरूमा २ प्रकारका परिवारका संरचना पाइयो ।

**तालिका नं १० : पारिवारिक संरचनाको आधारमा महिलाको विवरण**

| सि नं | पारिवारिक संरचना | संख्या | प्रँतिसत |
|---|---|---|---|
| १ | एकल परिवार | २३ | ७७ |
| २ | संयुक्त परिवार | ७ | २३ |
| | जम्मा | ३० | १०० |

*स्रोत : फिल्ड सर्वे २०७४*

केही वर्ष पहिले यस क्षेत्रमा अधिकाँस संयुक्त परिवारहरू पाइन्थे भने आधुनिक संचार तथा यातायातको विकासले पूँजीवादी वन्दोवस्तलाई प्रचार गरेकै कारण यहाँका संयुक्त परिवारहरू धमाधम फुटेर एकल परिवारमा परिणत भएको पाईयो ।अध्ययन क्षेत्रमा ७७% परिवारहरू एकल परिवार भेटिए भने २३%संयुक्त परिवार पाइए । त्यस्तै एउटा मात्र वृहत परिवार भेटियो । यही क्रम वढ्दै जानेहो भने संयुक्त परिवार इतिहासका पाना भित्र मात्र रहने देखिन्छ । एकल परिवारमा सुख हुने कुरा सहभागि महिलाहरूले वताए । यसरी संयुक्त परिवारको इच्छा राख्नेहरुमा प्राय सबै ५० वर्ष देखि माथीका महिलाहरु पर्दछन् ।

### ४.१.१४ परिवारको आकारको आधारमा महिलाको विवरण

अध्ययनमा सहभागि महिलाहरूका परिवारलाई आकारका आधारमापनि ३ भागमा वाँडियो जहाँ १देखि ५ जना सम्मको संख्यालाई सानो परिवार ६ देखि १० जना सम्मको परिवारलाई मध्यम आकारको परिवार र ११ र त्यस भन्दा माथिको परिवारलाई ठूलो परिवारकोरूपमा राखेर अध्ययन गर्दा तालिकामा यस प्रकारका परिवारका आकार पाइयो ।

**तालिका नं ११ : परिवारको आकारको आधारमा उत्तरदाता महिलाको विवरण**

| सि नं | परिवारको आकार | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | सानो परिवार (१देखि ५जनासम्म) | २० | ६७ |
| २ | मध्यम परिवार (६ देखि १० जना सम्म) | १० | ३३ |
| | जम्मा | ३० | १०० |

*स्रोत : फिल्ड सर्वे २०७४*

यस तालिकामा अनुसार सहभागिमध्ये ६७% महिलाहरू सानो परिवारमा बस्छन् । ३३% महिलाहरू मध्यम परिवारमा बस्छन् । अधिकांस महिलाले सानो परिवारमा बस्न रूचाएको पाइयो । चाहेर मात्र सानो परिवार नहुने तर्कहरू ती महिलाहरूवाट आयो । छलफलमा सानो परिवार खान र लाउनको लागि मात्र हो काम गर्नका लागि त ठूलो परिवार नै राम्रो हो भन्ने तर्कपनि उनिहरूले राखे ।

**४.१.१५ विकासका गतिविधि तथा सामाजिक संस्थामा महिलाको सहभागिताको विवरण**

सन् १९५० को दशक पछि विश्वमा आएको विभिन्न खाले सोच, सिद्धान्तको प्रत्यक्ष, अप्रत्यक्ष प्रभाव नेपालमा पनि परेको देखिन्छ । विशेष गरी सन् १९९० को दशकमा आएको NGO, लिङ विकास अवधारणा अर्न्तगत विभिन्न खाले INGo र NGO तथा स्थानिय क्लबहरुले महिलाको विषयमा कार्य गरेको देखिन्छ । महिला अधिकार मुखी कार्य, उद्यमशीलता लघु आयआर्जन कार्यले महिलाको हकमा उल्लेखनीय कार्य देखिन्छ । जसको प्रभाव जुम्ली महिलामा परेको देखिन्छ । हिजो आफ्ना समस्या खोल्न र बाहिर बोल्न समेत नसक्ने महिला आज प्रजनन लगायत विभिन्न खाले समस्याको बारेमा खुलेर छलफल, अर्न्तक्रिया र विरोध गर्न थालेका देखिएकाले परिवर्तनको महशुस गरिएको देखिन्छ । त्यसको परिणाम भनेकै महिलाको सँघसंस्थासँग हुने आवद्धताले हो । तसर्थ आज महिलाहरूलाई धेरै अवसरहरू प्राप्त भएका छन् । सँघ सँस्थामा सहभागी हुँदा महिलाहरूले पढ्ने लेख्ने र केही न केही उपार्जन गर्ने अवसरहरू प्राप्त गर्दछन् । अध्ययन क्षेत्रमा महिलाहरूको संघ सँस्थामा सहभागीताको छ कि छैन भनि सोधिए पछि निम्नानुसारको अवस्था रहेको देखिएको छ ।

**तालिका नं १२ : सामाजिक संस्थामा उत्तरदाता महिलाको सहभागिताको विवरण**

| सि नं | सहभागिता छ ? छैन ? | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | छ | २१ | ७० |
| २ | छैन | ९ | ३० |
| | जम्मा | ३० | १०० |

*स्रोत:फिल्ड सर्वे २०७४*

घरायसी कामवाट पटक्कै फुर्सत नपाउने र सामूहिक कार्यमा संलग्न हुन नसक्ने महिलाहरू विगत केही वर्ष देखि विभिन्न संघ सँस्थामा रहेर काम गरेका वा संगठित भएका छन् भन्ने कुरा माथिको तालिकावाट प्रष्ट देखिन्छ । ७० % महिलाहरू कुनै न कुनै संघ संस्थामा संलग्न रहेको पाइयो भने मात्र ३० प्रतिसत महिलाहरू संघ संस्थामा छैनौ भन्ने जवाफ पाइयो । यस अध्ययन क्षेत्रका महिलाहरूको संघ संस्थामा संलग्नता व्यापक मात्रामा भएको देखिन्छ । यी संघ संस्थाहरूमा आमा समुह, महिला स्वयं सेविका, वचत समूह, कृषि समूह, सहकारी संस्था आदि संघ संस्था गठन भएको पाइयो ।

यस क्षेत्रका महिलाहरू आफ्ना समस्याहरू लिएर स्थानीय विकास अधिकारी, जि.शि.का र अन्य निकायहरूमा डेलिगेशन समेत जाने गरेको पाइयो । साथै गाँउमा जुवा तास र जाँड रक्सीको बेचबिखनको विरूद्ध पनि आवाज उठाएका पाइयो । तर महिलाको जायज काममा प्रशासन, राजनीतिक दल र अन्य निकायहरूवाट उस्तो सहयोग नभएको गुनासो यी महिलाहरूको छ । विभिन्न संघ संस्थामा संलग्न भएतापनि गैह्र सरकारी संस्था प्रति भने यी महिलाको राम्रो धारणा पाइएन । हाम्रो फोटो लिएर आफ्नो स्वार्थ पुरा गर्छन् भन्ने गुनासो यिनीहरूको छ । तथापी महिलाहरू यति शसक्त हुनमा ती संस्थाहरूको भुमीकालाई नजर अन्दाज भने गर्न सकिदैन । सामाजिक परिवर्तन, विभिन्न आन्दोलन, विभिन्न खाले मिडिया विशेषगरी एफ.एम. तथा विभिन्न संघ संस्थाले गरेको अधिकार मुखी जनचेतनाका कारण महिलाको चेतना स्तरमा वृद्धि भई जन-मानस तर्फ अग्रसर हुने क्रम बढेको देखीन्छ ।

### ४.१.१६ सामाजिक संस्थामा महिला र पुरुषलाई समान सहभागिता सम्बन्धमा महिलाहरुको विवरण

अध्ययनका लागि छनौट गरिएका महिलाहरुको विचारमा उहाँहर बस्नुभएको समाजमा भएका संघसंस्थाले महिलालाई पनि पुरुषसरह समान सहभागि बनाउछन् की बनाउदैनन् भन्ने विषयमा सोधिएको विषयमा आएको परिणामलाई निम्नानुसार तल प्रस्तुत गरिएको छ ।

**तालिका नं.१३ : सामाजिक संस्थामा महिला र पुरुषलाई समान सहभागिता सम्बन्धमा उत्तरदाता महिलाहरुको विवरण**

| सि नं | महिला र पुरुषलाई समान सहभागिता छ , छैन ? | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | दिइन्छ | २४ | ८० |
| २ | दिइदैन | ६ | २० |
| | जम्मा | ३० | १०० |

*स्रोत:फिल्ड सर्वे २०७४*

माथिको तालिकाबाट के थाहाहुन्छ भने ८० % महिलाहरुले संघसंस्थामा समान सहभागितालाई जोड दिएको पाइन्छ  भन्ने विचार अभिव्यक्त गरेको पाइयो भने अन्य २०%ले समान अवसर दिइदैन भन्ने अभिव्यक्ति दिएको पाइयो । जसमा पनि समान अवसर दिइदैन भन्ने मा ५० वर्ष उमेर पुगिसकेका महिलाहरुको यस्तो अभिव्यक्ति दिइको पाइन्छ किनकि उनिहरु संघसंस्थामा सहभागि हुन चाहेको बेलामा समान सहभागि नगराइको अनुभवहरु पनि व्यक्त गर्नुभएको थियो तर विस्तारै महिलाको सहभागितामा जोड दिइदै गएको पाइन्छ भन्नुभयो । यसबाट हामी सहज अनुमान गर्न सकिन्छ महिलाहरुको सामाजिक कार्यमा सहभागितामा बढ्दो क्रममा रहेको छ ।

### ४.१.१७  विवाहभन्दा पहिले श्रीमान्लाई देखे नदेखेको सम्बन्धमा महिलाहरुको विवरण

यस अध्ययनमा छनौट गरिएका महिलाहरु मध्ये विवाहित महिलालाई तपाईले विवाह पूर्व आफ्नो श्रीमानलाई देखेको थियो कि थिएन भन्नेसोधिएको प्रश्नमा आएको परिणामलाई निम्नानुसार तल प्रस्तुत गरिएको छ ।

**तालिका नं.१४ : विवाहभन्दा पहिले श्रीमान्लाई देखे नदेखेको सम्बन्धमा उत्तरदाता महिलाहरुको विवरण**

| क.स. | देखेको थियो, थिएन? | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | देखेको थिए | ११ | ३९ |
| २ | देखेको थिएन | १७ | ६१ |
| | जम्मा | २८ | १०० |

*स्रोतःफिल्ड सर्वे २०७४*

यस अध्ययनले विभिन्न उमेरका महिलाहरुको सामाजिक परिवर्तनको विश्लेषण गर्ने हुदा उनीहरुको विवाह हुदाँ उनीहरुले आफ्नो श्रीमानलाई देख्न पाउनु भयो कि भएन भनि सोधिएको प्रश्नमा देखेको भन्दा नदेखेको संख्या प्रतिशत बढी पाइयो । जसअनुसार देखेको थिए भन्ने ३९% र देखेको थिएन भन्ने ६१% पाइयो । यो आफैमा आश्चर्यचकित गर्ने परिणाम हो । महिलाहरु आफूले आफ्नो बेलामा श्रीमान देख्न नपाएपनि अबका सन्तान आफ्ना बच्चाहरुको समयमा जस्तो हुन नदिने विचार अभिव्यक्त गरे ।

### ४.१.१८ छोरा र छोरीप्रतिको धारणा सम्बन्धमा महिलाहरुको विवरण

यस अध्ययनमा छनौट गरिएका महिलाहरु मध्ये विवाहित महिलालाई तपाईले छोरा र छोरीप्रतिको धारणा कस्तो छ भन्ने विषयमा सोधिएको प्रश्नमा आएको परिणामलाई निम्नानुसार तल प्रस्तुत गरिएको छ ।

**तालिका नं.१५ : छोरा र छोरीप्रतिको धारणा सम्बन्धमा उत्तरदाता महिलाहरुको विवरण**

| क.स. | छोरा र छोरीप्रतिको धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भविष्यमा छोरीले भन्दा छोराले हेरचाह गर्छ । | ४ | १३ |
| २ | समाजले छोराको जन्मलाई महत्व दिन्छ । | १ | ३ |
| ३ | छोरा र छोरी समान छन् । | २५ | ८४ |
| | जम्मा | ३० | १०० |

*स्रोतःफिल्ड सर्वे २०७४*

महिलाहरुको छोरा र छोरीको प्रतिको धारणा हेर्दा छोरा र छोरी समान छन् भन्नेमा लगभग ८४% पाइयो भने भविष्यमा छोराले रेखदेख गर्छ  भन्नेहरु १३% पाइयो । त्यसैगरी समाजले छोराको जन्मलाई महत्व दिन्छ भन्ने ३% रहेको पाइन्छ । यसरी माथिको तालिकाको विश्लेषण गर्दा अध्ययन क्षेत्रका महिलाहरुलाई छोरा सरह समान व्यवहार गरेको पाइयो  ।

### **४.१.१९ छोरीलाई आमाबुबाको सम्पत्ति दिने सम्बन्धमा महिलाहरुको विवरण**

यस अध्ययनमा छनौट गरिएका महिलाहरुलाई छोरीलाई आमाबुबाको सम्पत्ति दिन आवश्यक छ कि छैन ? भनि सोधिएको प्रश्नमा आएको परिणामलाई निम्नानुसार तल प्रस्तुत गरिएको छ ।

**तालिका नं.१६ : छोरीलाई आमाबुबाको सम्पत्ति दिने सम्बन्धमा उत्तरदाता महिलाहरुको विवरण**

| क्र.स. | छोरीलाई आमाबुबाको सम्पत्ति दिन आवश्यक छ कि छैन ? | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आवश्यक छ | १३ | ४३ |
| २ | आवश्यक छैन | १७ | ५७ |
| | जम्मा | ३० | १०० |

*स्रोत:फिल्ड सर्वे २०७४*

नेपालको संविधानले पनि आमाबुवाको सम्पत्तिमा छोरा र छोरीको समान अधिकार हुने कुरालाई लिपिवद्ध गरेको अवस्थामा यस अध्ययन क्षेत्रका लगभग ५७% महिलाहरुमा छोरीलाई आमाबुबाको सम्पत्ति दिन आवश्यक छैन भने त्यस्तैगरी ४३%ले महिलाहरुमा छोरीलाई आमाबुबाको सम्पत्ति दिन आवश्यक छ भने जसबाट के प्रष्ट हुन्छ भने छ महिलाहरु अझैपनि सम्पत्तिमा छोरालाई नै हकदार मानेको देखिन्छ त्यसैगरि आवश्यक छ र छैन भन्नेहरु बिचको अंकमा कम भिन्नताबाट विस्तारै बाबुआमाको सम्पत्तिका हकदार छोरा र छोरी दुबै हुन भन्ने मान्यताले स्थान पाएको देखियो ।

### **४.१.२० आफ्ना बच्चाको भविष्यको लागि दिइने महत्वको सम्बन्धमा महिलाहरुको विवरण**

यस अध्ययनमा छनौट गरिएका महिलाहरु मध्ये विवाहित महिलालाई आफ्ना बच्चाको भविष्यको लागि के मा महत्व दिनुहुन्छ ? भनि सोधिएको प्रश्नमा आएको परिणामलाई निम्नानुसार तल प्रस्तुत गरिएको छ ।

**तालिका नं.१७ : आफ्ना बच्चाको भविष्यको लागि दिइने महत्वको सम्बन्धमा उत्तरदाता महिलाहरुको विवरण**

| क.स. | आफ्ना बच्चालाई के मा महत्व दिनुहुन्छ ? | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षा | २८ | ९३ |
| २ | सम्पति | २ | ७ |
| | जम्मा | ३० | १०० |

*स्रोतःफिल्ड सर्वे २०७४*

माथिको तालिका अनुसार महिलाहरु आफ्ना बच्चाहरुलाई शिक्षा दिनु पर्छ भन्नेहरु लगभग ९३% र महिलाहरु आफ्ना बच्चाहरुलाई शिक्षा होइन सम्पत्ति दिनुपर्छ भन्नेहरु लगभग ७% महिलाहरु आफ्ना बच्चाहरुलाई शिक्षा दिनु सम्पक्ति दिनुभन्दा बढी महत्वपूर्ण हुने कुरा व्यक्त गरे ।

**४.१.२१. महिलाको आर्थिक सामाजिक जीवनमा सकारात्मक परिवर्तन सम्बन्धमा महिलाहरुको विवरण**

यस अध्ययनमा छनौट गरिएका महिलाहरुलाई महिलाको आर्थिक सामाजिक जीवनमा सकारात्मक परिवर्तन गर्न के गर्नु आवश्यक देखिन्छ ?भनि सोधिएको प्रश्नमा आएको परिणामलाई निम्नानुसार तल प्रस्तुत गरिएको छ ।

**तालिका नं.१८ : महिलाको आर्थिक सामाजिक जीवनमा सकारात्मक परिवर्तन सम्बन्धमा उत्तरदाता महिलाहरुको विवरण**

| क.स. | महिलाको आर्थिक सामाजिक जीवनमा सकारात्मक परिवर्तन गर्न के गर्नु आवश्यक देखिन्छ ? | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिलाको विचारलाई सम्मान गर्नुपर्छ | १५ | ५० |
| २ | परम्परागत सांस्कृतिक, धार्मिक अन्ध विश्वासलाई भत्काउनु पर्छ | १० | ३३ |
| ३ | महिला आफै समानुसार परिवर्तनका लागि जागरुक हुनुपर्छ | ५ | १७ |
| | जम्मा | ३० | १०० |

*स्रोतःफिल्ड सर्वे २०७४*

माथिको तालिका अनुसार महिलाको विचारलाई सम्मान गर्नुपर्छ भन्नेहरु ५०% र परम्परागत सांस्कृतिक, धार्मिक अन्ध विश्वासलाई भत्काउनु पर्छ भन्नेहरु ३३% र महिला आफै समयानुसार परिवर्तनका लागि जागरुक हुनुपर्छ भनेर लगभग १७% ले धारणा व्यक्त गरे ।

# अध्याय पाँच : सारांस र निष्कर्ष

अनुसन्धानको निमित्त चयन गरिएको नुवाकोट जिल्ला, बेलकोटगढी नगरपालिकाको वडा नं. ९ “ महिलाहरुको सामाजिक, आर्थिक अवस्थामा आएको परिवर्तन ” नामक विषयमा एक समाज शास्त्रीय अध्ययन गरिएको छ । यस गहन अध्ययन, स्थलगत सर्वेक्षण तथा विभिन्न तथ्याङ्क अनि सूचनाहरूको ब्याख्या, विश्लेषण र परीक्षण बाट प्राप्त हुन आएका तथ्यहरूको सारांश एवं निष्कर्ष यस अध्यायमा गरिएको छ ।

## ५.१ सारांस

यस अनुसन्धानमा अध्ययन क्षेत्रका महिलाको आर्थिक, सामाजिक तथा शैक्षिक अवस्था बुझ्ने, महिला शिक्षालाई प्रभावित गर्ने समाजमा विद्यमान तत्वहरूको पहिचान गर्ने र महिलाहरुको सामाजिक तथा आर्थिक परिवर्तनको धारणा पत्ता लगाउने विशिष्ट उद्देश्यहरु रहेका छन् ।

अनुसन्धानका वर्णनात्मक, अन्वेषणात्मक ढाचाँमा गरिएको यस अनुसन्धानको अध्ययन क्षेत्र नुवाकोट जिल्ला, बेलकोटढी नगरपालिकाको अवस्थित ९नं. वडाबाट गोलाप्रथा गरी बिधिको प्रयोग गरी ३०जना महिलालाई नमूनाको रूपमा चयन गरिएको छ । उक्त छनौट हुन आएका प्रत्येक पारिवारलाई नमूनाको रूपमा छनौट गरिएको छ । यसरी छनौट हुन आएका महिलाको प्रत्यक्ष अन्तरवार्ता गरिएको छ । अनुसन्धानको कममा अवलोकन विधिको समेत उपयोग गरिएको छ । आवश्यकताअनुसार गुणात्मक र संख्यात्मक तथ्याङ्कहरू प्राथमिक तथा द्धितीय स्रोतबाट संकलन गरी विश्लेषण गरिएको छ । प्राथमीक श्रोत अन्तर्गत घरधुरी सर्वेक्षण, स्थलगत अवलोकन जस्ता माध्यमहरू प्रयोग गरिएका छन् । त्यस्तैगरि द्धितिय श्रोत अन्तरर्गत महिला का विभिन्न पक्षका सम्बन्धमा लेखिएका लेख, पुस्तक, तथ्यांक विभाग प्रकाशीत तथा अप्रकासीत लेख, साहित्यीक पत्रीका, प्रतिवेदन विभिन्न संस्थाहरूको प्रतिवेदन आदिबाट पनि आवश्यक सुचनाहरू संकलन गरिएका छन् । यसरी संकलन गरिएका तथ्यांकलाई तालिका र चार्ट बनाई प्रस्तुत गरि आवश्यकता अनुसार व्याख्या एवं विश्लेषण गरिएको छ । यस अनुसन्धानबाट प्राप्त हुन आएका तथ्यहरूको सारांश निम्नानुसार प्रस्तुत गरिएको छ ।

देशको बाग्मती अञ्चल को नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिका वडा नं. ९ का विभिन्न उमेर समुहका ३० छनौट गरी महिलाहरूको सामाजिक र आर्थिक परिवर्तन पत्ता लगाउन गरिएको अध्ययन थियो जसमध्ये धेरै हिन्दु र वौद्ध मात्र छन् जसमा पनि बहुसंख्यक हिन्दुहरूको

बाहुल्यता रहेको छ । यहाँ प्रमुख जातिहरूमा बाहुन, तामाङ्ग मात्र छन् । यस अध्ययनमा प्रतिनिधित्व गर्ने महिलाहरूको उमेर २० वर्ष देखि ६५ वर्ष सम्मका छन् । तिनलाई तीन समुहमा बाँडिएको छ । अध्ययन क्षेत्रका महिलाहरू मध्ये ७१.८५% ले १५ देखि २० वर्षको उमेरमा विवाह गरेको पाईयो । तर कानुनले नै वर्जित गरेको १४ वर्ष मुनिका १७.८५% महिलाहरू विवाह गरेको तथ्याङ्क अस्वभाविक लाग्यो । जम्मा २० % महिलाहरूले आफ्नो विवाहको निर्णय आफै गरेको पाइयो । अधिकाँस महिलाहरू आफनी छोरीहरूको विवाह २० वर्ष पुरा भैसकेपछि मात्र नै गर्न चाहन्छन् । सहभागी महिलाहरु मध्ये ७७% परिवारहरू एकल परिवार भेटिए भने २३% संयुक्त परिवारका पाइयो । सहभागिमध्ये ६७% महिलाहरू सानो परिवारमा बस्छन् । ३३% महिलाहरू मध्यम परिवारमा बस्छन् । । ७० % महिलाहरू कुनै न कुनै संघ संस्थामा संलग्न रहेको पाइयो भने मात्र ३० प्रतिसत महिलाहरूबाट संघ संस्थामा छैनौ भन्ने जवाफ पाइयो । ८० % महिलाहरुले संघसंस्थामा समान सहभागितालाई जोड दिएको पाइन्छ भन्ने विचार अभिव्यक्त गरेको पाइयो भने अन्य २०%ले समान अवसर दिइदैन भन्ने अभिव्यक्ति दिएको पाइयो । महिलाहरुको सामाजिक परिवर्तनको विश्लेषण गर्ने हुदा उनीहरुको विवाह हुदाँ उनीहरुले आफ्नो श्रीमानलाई देख्न पाउनु भयो कि भएन भनि सोधिएको प्रश्नमा देखेको भन्दा नदेखेको प्रतिशत बढी पाइयो । जसअनुसार देखेको थिए भन्ने ३९% र देखेको थिएन भन्ने ६१% पाइयो । यो आफैमा आर्श्चर्यचकित परिणाम हो । महिलाहरुको छोरा र छोरीको प्रतिको धारणा हेर्दा छोरा र छोरी समान छन् भन्नेमा लगभग ८४% पाइयो भने भविष्यमा छोराले रेखदेख गर्छ भन्नेहरु १३% पाइयो । त्यसैगरी समाजले छोराको जन्मलाई महत्व दिन्छ भन्ने ३% रहेको पाइन्छ । लगभग ५७% महिलाहरुमा छोरीलाई आमाबुबाको सम्पत्ति दिन आवश्यक छैन भने त्यस्तैगरी ४३%ले महिलाहरुमा छोरीलाई आमाबुबाको सम्पत्ति दिन आवश्यक छ भने जसबाट के प्रष्ट हुन्छ भने छ महिलाहरु अझैपनि सम्पत्तिमा छोरालाई नै हकदार मानेको देखिन्छ त्यसैगरि छोरी सम्पत्ति आवश्यक छ र छैन भन्नेहरु बिचको अंकमा कम भिन्नताबाट विस्तारै बाबुआमाको सम्पत्तिका हकदार छोरा र छोरी दुबै हुन भन्ने मान्यताले स्थान पाएको देखियो । महिलाको विचारलाई सम्मान गर्नुपर्छ भन्नेहरु ५०% र परम्परागत सांस्कृतिक, धार्मिक अन्ध विश्वासलाई भत्काउनु पर्छ भन्नेहरु ३३% र महिला आफै समानुसार परिवर्तनका लागि जागरुक हुनुपर्छ भन्नेहरु लगभग १७% कुरा व्यक्त गरेको पाइयो ।

## ५.२ निश्कर्ष

समाजमा रहेका  विभिन्न तत्वहरूले महिलाको सामाजिक र आर्थिक परिवर्तन माथि पारेको र पार्न सक्ने प्रभावलाई मूल्यांकन नगरी सामाजिक विकासको आशा राख्नु मुर्खता सिवाय केही हुन सक्दैन । महिला शिक्षाले स्वयम् उ र उसको परिवारमा व्यापक सकारात्मक परिवर्तन र सुधार ल्याई महिलाको गुणात्मक जीवनलाई प्रात्साहित गर्दछ र गर्नुपर्छ  किनकि कुनै पनि शिक्षा प्रणालीको सफलता नै गुणात्मक र अशिक्षित भन्दा फरक किसिमको व्यवहारिक परिवर्तनको जगमा अडिएको हुन्छ । महिलाको सामाजिक तथा आर्थिक विकास तथा परिवर्तनका विषयमा यस अनुसन्धानबाट पत्ता लागेका कुराहरु निम्नानुसार बुदाँगत रूपमा प्रस्तुत गरिएको छ ।

- कलिलो उमेरदेखि नै महिलाहरूले घरको काम गर्नुपर्ने बाध्यताले कार्यबोझ बढि भई अध्ययनलाई उचित समय दिन नसक्नु ।
- चाडो उमेरमा नै विवाह गर्नु, विवाहपश्चात् महिलाको अध्ययनमा ध्यान नदिनु र महिला शिक्षा विवाहको निमित्त मात्र आवश्यक ठानिनु ।
- समाजमा परम्परागत अन्धविश्वासका कारण महिलाप्रति पूर्वाग्रहि दृष्टिकोणले हेरिनु ।
- समुदायमा १४ वर्ष भन्दा कम उमेरमा छोरीहरूको विहे गरिदिने ।
- बहुसंख्यक छोरीहरूको विवाहको निर्णय तिनीहरूका बाबुआमा र नातेदारहरूले गर्दछन् ।
- छोरीहरूको विवाह परिपक्क उमेरमा गर्नुपर्दछ भन्ने चेतनामा विकास भएको छ ।
- छोरीहरूको शिक्षाका लागि महिलाहरू सचेत भएका छन् ।
- सानो परिवार नै सुखि परिवार हो भन्ने कुरामा सवै महिलाहरू सहमत छन् ।
- संघ सँस्थाहरूमा महिलाको सहभागिता बढ्दो छ ।
- महिलाका नाममा जग्गाको स्वामित्व छैन ।
- महिलाहरूको घरमा हुने कार्यको निर्णयमा पहुँच एकदमै कम देखियो ।
- महिलाहरू सामाजिक र आर्थिक पक्षमा सबल र सक्षम बन्न निकै लालायित छन् यसका लागि सबैको सहयोग आवश्यक देखियो ।

## सन्दर्भ ग्रन्थसुचि


ओझा, नेत्र (२०६३), **समाजका ढाँचाहरू,** ऐकेडेमिक बुक सेन्टर किर्तिपुर ।

अधिकारी, विष्णु प्रसाद (२०६७), आशिष पुस्तक भण्डार, बागबजार काठमाण्डौं ।

पौडेल, तुलसीराम (२०५८), **लैगिंक अध्ययनको रूपरेखा**, निमा पुस्तक प्रकाशन, प्रदर्शनीमार्ग, काठमाडौं ।

युनेस्को (२००९), **एशिया प्रशान्त क्षेत्रमा शिक्षामा लैगिंकता संजाल** (जेनिया साधन सामग्री), युनेस्को काठमाडौं ।

**राज्यका समग्र क्षेत्रमा महिलाहरूको सहभागिता सम्वन्धि रणनिति** ( २०६८), कार्यपत्र प्रस्तुती, नेपाल राष्टिय महिला आयोग ।

राय, कौशल कुमार (१९७६),**भारतीय सामाजिक विचार धारा,** नविन प्रकाशन मन्दीर ।

**राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन** (२०४९), राष्ट्रिय शिक्षा आयोग, काठमाडौं ।

**राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन** (२०५५), राष्ट्रिय शिक्षा आयोग, काठमाडौं ।

श्रेष्ठ, केशव र साथीहरू (२०६६), **लैगिंक अध्ययन**, ऐकेडेमिक बुक सेन्टर किर्तिपुर ।

राष्ट्रिय जनगणना २०३८,४८,र २०५८ २०६८ का **प्रतिवेदनहरु** केन्द्रीय तथ्याङ्क विभाग काठमाण्डौ

नेपालको **नवौं, दशौं पञ्चवर्षिय योजना**

डब्लु डब्लु डब्लु . **मानव विकास प्रतिवेदन २०१०**

श्री शक्ति ( १९८०–१९९३) **महिला विकास र प्रजातन्त्र**

श्री शक्ति (१९८०–१९९५) **महिला विकास र प्रजातन्त्र**

# References


Acharya, Meena (1981),**The Status of Women in Nepal,** Vol.2, Part- 1, CEDA Kathmandu.gg

Acharya and Bennett (1982) ,'Women and the Sussistence Sector'

Acharya, Meena ( 1995) **, The status of Women in Nepal ,**Vol. V. Kathmandu, CEDA: 44- 49.

Bennett , Lynn. (1979), **Tradition and change in the legal status of Nepalese women,** The status of women in Nepal Vol. 1. Background report Part 2 . Kathmandu: CEDA T.U.

**Central Bureau of Statistics** ( CBS) , ( 2011) , Population Census Thapathali Kathmandu.

CERID, (1984**), Determinants of Educational Participation in Rural Nepal**, Kathmandu.

CERID,(1994),**Status of female Education in Nepal,** A Study Report (CERID T.U.).

Engels, fredrick ( 1978), **The Origin of the Family , private property and the state,** foreign Language press, packing .

RIDA, ( 1991), **The Status of Girl child in Nepal,** A Survey Report prepared for HUMGIMLD and UNICEF, Kathmandu .

Tylor, E.B, ( 1978) , primitive Culture in Bohannan and Glazer ( ed.), **High points in Anthropology .**

UNDP, ( 1995) " **Nepal Human Development Report**, " Oxford University press, New York.

**नुवाकोट जिल्ला बेलकोटगढी नगरपालिका वडा नं. ९ का महिलाहरुको सामाजिक, आर्थिक अवस्थामा आएको परिवर्तन एक समाजशास्त्रीय अध्ययन २०७४**

## प्रश्नावली

**क) जनसाख्यिकिय विवरण**

१. नाम :

२. उमेर:

३. पेसा:

४. जात:

५. धर्म:

६. भाषा (मातृभाषा):

७. परिवार संख्या :

८. पारिवारिक विवरण :

| सि नं | **नाम** | **घरमूलीसँगको नाता** | उमेर | लिङ्ग | धर्म | शिक्षा | पेसा |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |

९. तपाई घरको के  हुनु हुन्छ ?

क ) आमा                    ख) छोरी

ग) वुहारी                    घ) भाई वुहारी

ङ.) अन्य

**ख) शैक्षिक पक्ष**

१. तपाईको शैक्षिक अवस्था कुन हो?

क) साक्षार ख) निरक्षर

ग) माध्यमिक घ) एस एल सी पास

ङ) एस एल सी भन्दामाथि

२. के तपाई यो भन्दा अगाडि पढ्न चाहनुहुन्छ ?

क) चाहन्छु ख) चाहदिन

३. के तपाई शिक्षा नै महिलाको सामाजिक जीवन परिवर्तनको मुख्य तत्व हो भन्ने सोच्नुहुन्छ ?

क) सोच्छु ख) सोच्दैन

किन ?.....................................................................................................................

४. केटी/महिलाहरुको शिक्षालाई प्रभावकारी बनाउन के गर्नू पर्ला ?

.....................................................................................................................

**ग) आर्थिक पक्ष**

१.तपाईको परिवारको मुख्य आम्दानी के हो ? र खर्च कसरी गर्नुहुन्छ ?

| सि नं | आम्दानीको प्रमुख स्रोत | वार्षिक आम्दानी | खर्च |
|---|---|---|---|
| १ | कृषि | | |
| २ | नोकरी | | |
| ३ | व्यापार | | |
| ४ | अन्य | | |

२. तपाइको परिवारमा कस्ले कमाउनु हुन्छ ?

...............................................

३. तपाईको परिवारमा तपाईलाई पैसा खर्च गर्ने अनुमति छ कि छैन ?

क) छ ख) छैन

छैन भने किन ? ............................................................

४. तपाईको नाममा जग्गा जमिन छ ?

क) छ । ख) छैन ।

छ भने कति छ ? ............................................................

५. के तपाईले कुनै संघ सँस्थावाट कुनै खालको ऋण लिनु भएको छ ?

क) लिएकी छु ख) लिएकी छैन

छ भने को संग? ........................................................................

क) व्यक्तिगत साहुसँग ख) कृषिविकास वैङ्कवाट

ग) साना किसान विकास कार्यक्रमवाट घ) अन्य स्रोत वाट

६. तपाईसँग दाइजो वा पेवा केही व्यक्तिगत सम्पति छ ?

क) छ। ख) छैन

छ भने कति छ ?....................................................................

**(घ) सामाजिक पक्ष**

१. महिलाको विवाहको उमेर कति हुनु ठिक हो ? र तपाईले कति वर्षको उमेरमा विवाह गर्नु भयो ?

क) विवाहको उमेर ........... ख)आफुले विवाह गरेको उमेर.............

२. तपाईको विवाहको निर्णय कस्ले गऱ्यो ?

क) आमा वावुले ख ) नातेदार हरुले

ग) म आफैले घ) साथिहरु वा अन्यले

३. विवाह भन्दा पहिले श्रीमानलााई देख्नुभएको थियो ?

क ) देखेकी थिएँ । ख ) थिइन ।

४. के तपाईलाई परिवार नियोजनको साधन वारे थाहा छ ?

क) छ ख) छैन

५. यदि छ भने, कुन श्रोतवाट थाहा पाउनु भयो ?

क) सञ्चार ख) साथीभाई तथा छिमेक ग) स्कूल

६. के तपाई परिवार नियोजनको साधन प्रयोग गर्नु हुन्छ ?(विवाहितलाई मात्र सोध्ने)

क) गर्छु. ख) गर्दिन

७. यदि गर्नुहुन्छ भने कुन परिवार नियोजनको साधन प्रयोग गर्नु हुन्छ ?

(१) स्थायी (२) अस्थायी

८. यसको प्रयोगमा कसले निर्णय गर्छ ?....................................................

९. परिवार नियोजनको साधनको निर्णय प्रकृयामा महिलाको अवस्थालाई सुधार गर्न के गर्नुपर्छ ?

(क) महिलाको विचारलाई सम्मान गर्नुपर्छ।

(ख) परम्परागत सांस्कृतिक विश्वासलाई भत्काउनु पर्छ।

(ग) महिला आफै आत्म निर्णय र अधिकारको लागि जागरुक हुनुपर्छ।

अन्य..............................................................................

१०. परिवारको आकारको निर्णय कसले गर्छ ?.....................................

११. तपाईलाई कस्तो प्रकारको परिवार मन पर्छ ?

क) एकल परिवार ख) संयुक्त परिवार

१२. तलको कुन विचारलाई तपाई प्रमुख रुपमा समर्थन गर्नुहुन्छ ?

(क) भविष्यमा छोरीले भन्दा छोराले हेरचाह गर्छ।

(ख) समाजले छोराको जन्मलाई महत्व दिन्छ।

(ग) छोरा र छोरी समान छन्।

१३. तपाईको विचारमा महिलालाई वावुआमाको सम्पत्ति दिन आवश्यक छ,, छैन ?

(क) छ (ख) छैन

१४. तपाई आफ्नो वच्चाहरुलाई के मा महत्व दिनुहुन्छ ?

क) शिक्षा (ख) सम्पत्ति

१५. तपाईको गाँउमा कुनै सामाजिक संस्थाहरु छन् ?

क) छन् ख) छैनन्

ग) थाह छैन

१६. के तपाई कुनै सँस्थाको सदस्य हुनुहुन्छ ?

क) छु। ख ) छैन।

ग) थाह छैन।

१७.तपाईको सँस्थामा पुरुष र महिलाहरुलाई समान सहभागिताको मौका दिइन्छ ?

क) दिइन्छ । ख) दिइदैन।

ग) थाह छैन।

**धन्यवाद**